का.जि.प्र.का.द.नं. १००/०५९/६०

२८ असार २०८२,
शनिबार
12 July, 2025
Saturday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक १६० । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

मौद्रिक नीति

# ब्याजदर घट्ने, शेयर कारोबारीदेखि विदेश घुम्नेसम्मलाई राहत

- ब्याजदर करिडोरको माथिल्लो सीमाको बैंकदर ६ प्रतिशत
- ब्याजदर करिडोरको तल्लो सीमाको निक्षेप संकलन दर २.७५ प्रतिशत
- नीतिगत दर ४.५ प्रतिशत
- निजी आवासीय घर कर्जा ३ करोड
- पहिलो घर निर्माण र खरिद कर्जा मूल्य अनुपात ८० प्रतिशत
- शेयर धितोमा प्रवाह हुने मार्जिन प्रकृतिको कर्जाको सीमा २५ करोड
- 'ग' वर्गका राष्ट्रियस्तरका वित्त कम्पनीको प्राथमिक पुँजी परिचालन सीमा हट्यो
- लघुवित्त संस्थाको लाभांश वितरणमा पुनरावलोकन गरिने
- विदेश जाने नेपालीले ३ हजार अमेरिकी डलर मुद्रा सटही गर्न पाउने




**छबि सापकोटा/मध्यान्ह**
काठमाडौं, २७ असार ।

नेपाल राष्ट्र बैंकले आगामी आर्थिक वर्ष ०८२/८३ का लागि शुक्रबार मौद्रिक नीति ल्याएको छ । विभिन्न बैंकबाट कर्जा लिएर विभिन्न क्षेत्रमा लगानी गरेका लगानीकर्ता, शेयर कारोबारीदेखि घरकर्जा लिनेसम्मलाई राहत दिनेगरी राष्ट्र बैंकले मौद्रिक नीति ल्याएको हो । गभर्नर डा. विश्वनाथ पौडेलले ल्याएको पहिलो मौद्रिक नीतिले बैंकदर र नीतिगत दर घटाउने काम गरेको छ । जसले निक्षेपदेखि कर्जासम्मको ब्याजदरलाई घटाउने भएको छ । त्यस्तै, मौद्रिक नीतिले शेयर कर्जाको क्याप र घरकर्जाको सीमा र अनुपातमा गरेको हेरफेरले पुँजीबजार र घरजग्गा व्यवसायमा सकारात्मक प्रभाव पार्ने देखिएको छ ।

मौद्रिक नीतिले हुलाकी राजमार्ग तथा मध्यपहाडी लोकमार्ग आसपासका क्षेत्रका उद्योग व्यवसायलाई प्रवर्द्धन गर्न, जाजरकोट, रुकुमका भूकम्प प्रभावित क्षेत्रमा रहेका व्यावसायिक कर्जा तथा उक्त क्षेत्रमा बसोबास गरेका व्यक्तिहरूले लिएको कर्जाको पुनर्तालिकीकरण र पुर्नसंरचना गर्ने नीति लिएको छ । स्वीकृति लिएर बैंकहरूले पुँजी वृद्धि गर्न सक्ने व्यवस्था गरेको छ भने लघुवित्त संस्थाको लाभांश वितरण, विपन्न कर्जाको सीमा लगायतका विषयमा पुनरावलोकन गर्ने विषय पनि मौद्रिक नीतिमा उल्लेख छ। विस्तृत समाचार पृष्ठ ६ मा

मनसुनमै मधेश सुक्खा

# पर्याप्त वर्षा नहुँदा अधिकांश उब्जाउ खेत बाँझै



**निमिष झा/मध्यान्ह**
काठमाडौं, २७ असार ।

देशभर मनसुन सक्रिय भइरहँदा मधेश प्रदेशलाई सुख्खाग्रस्त क्षेत्र घोषणा गरिएको छ ।

मधेशमा यसवर्ष पर्याप्त वर्षा नहुँदा त्यहाँको कृषि क्षेत्र प्रभावित भएको जनाउँदै मधेश प्रदेश सरकारले प्रदेशलाई सुख्खाग्रस्त क्षेत्र घोषणा गरेको हो । वातावरणीय असन्तुलनका कारण उत्पन्न खडेरीको अवस्थालाई मूल्यांकन गर्दै मन्त्रिपरिषद्ले यस्तो निर्णय गरेको हो ।

मधेश सरकारले वातावरणीय धान रोपाइँ प्रभावित भएको, रोपिएका खेतमा समेत चिरा फाट्न थालेको र खडेरीले कृषि उत्पादन संकटमा पार्न थालेको अवस्था आएको निष्कर्ष निकालेको छ। सोही आधारमा मधेशलाई सुख्खाग्रस्त घोषणा गरिएको हो। पर्याप्त पानी नपरेपछि खडेरीको चपेटामा परेको छ भने अधिकांश उब्जाउ खेत बाँझो परेको छ ।

मुख्यमन्त्री सतिशकुमार सिंहका अनुसार लगातारको खडेरीका कारण धान रोप्न समस्या भएको छ भने पहिले रोपिएको धान पनि चर्को घामले सुक्न थालेको छ । खेतबारी चिरा परेपछि स्थिति गम्भीर बन्दै गएपछि यस्तो निर्णय गरिएको मुख्यमन्त्री सिंहले बताए ।

उनले वर्षा अभावले मधेशका ७५ प्रतिशत खेतमा रोपाइँ हुन नसकेको बताउँदै बोरिङको सिँचाइले रोपिएका धान पनि चिस्यान अभावले खेतमा चिरा पर्न थालेका छन् भने धानका ब्याड पनि सुक्न थालेको जनाए ।



"खेतबारी चिरा परेपछि स्थिति गम्भीर बन्दै गएको छ । वर्षा अभावले ७५ प्रतिशत खेतमा रोपाइँ हुन सकेको छैन"

**सतिशकुमार सिंह**
मुख्यमन्त्री, मधेश प्रदेश

### न्यून रोपाइँ

शुक्रबारसम्म मधेश प्रदेशमा ३३ दशमलव ७८ प्रतिशत मात्र रोपाइँ भएको छ । कृषि विकास निर्देशनालयका वरिष्ठ बागवानी अधिकृत प्रदीपकुमार यादवका अनुसार मधेश प्रदेशमा कुल खेतीयोग्य जमिनको ३ लाख ७२ हजार ६४५ हेक्टर जमिनमा धान खेती हुँदै आएको छ । जसमध्ये १ लाख २५ हजार ८८८ दशमलव ६ हेक्टर, अर्थात् ३३ प्रतिशत जमिनमा रोपाइँ भइसकेको छ ।

मधेशमा सबैभन्दा कम रोपाइँ सप्तरीमा भएको छ। सप्तरीमा ८१ हजार ६६८ हेक्टर कुल खेतीयोग्य जमिन छ । जसमध्ये ६८ हजार हेक्टरमा धान खेती हुँदै आएको छ । तर, हालसम्म १६ प्रतिशत जमिनमा मात्र रोपाइँ भएको छ। त्यसैगरी सबैभन्दा बढी रोपाइँ पर्सामा भएको छ । पर्सामा ३९ हजार ७३१ हेक्टर जमिनमा धान खेती हुँदै आएको छ । त्यसमध्ये ७३ दशमलव ३४ प्रतिशत जमिनमा धान रोपाइँ भइसकेको छ ।

धनुषामा २५ प्रतिशत, सिरहामा २९, बारामा ४०, रौतहटमा ४५, सर्लाहीमा ४० र महोत्तरीमा १८ प्रतिशत जमिनमा धान रोपाइँ भइसकेको छ । मधेशमा कुल ५ लाख ४२ हजार ५८० दशमलव ७८ हेक्टर खेतीयोग्य जमिन छ । जसमध्ये ३ लाख ७२ हजार ६४५ हेक्टरमा धान खेती हुँदै आएको छ। तर, २५ प्रतिशत जमिनमा पनि सिँचाइ नभएको अधिकृत यादवले बताए। 'प्रमुख चुनौती नै सिँचाइ हो। सिँचाइ नभएसम्म किसानले रोपाइँ गर्न सक्दैनन् ।'

### बजेट फ्रिज, तर संघसँग सहयोग माग

बिहीबार बसेको मन्त्रिपरिषदले सुक्खाग्रस्त क्षेत्र घोषित मधेशका किसानहरूका पृष्ठ २ मा

# ५ वर्षभित्र कोइलामा आधारित उद्योग बन्द गरिने

> कार्बन उत्सर्जनमा नेपालको न्यून योगदान छ । तर जलवायु परिवर्तनको असर ठूलो मात्रामा भोगिरहेको छ । यसकारण ऊर्जा विकासको दीर्घकालीन रणनीति अपनाउँदै कार्बनडाइअक्साइड र ब्ल्याक कार्बन उत्सर्जित गर्ने उद्योग सञ्चालन गर्दै आएका ठूला देशलाई दबाब दिन नेपालले कोइलामा आधारित उद्योग बन्द गर्ने नीति लिएको हो ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २७ असार ।

नेपालले आगामी ५ वर्षभित्र कोइलामा आधारित उद्योग बन्द गर्ने नीति लिने भएको छ । यस निम्ति सरकारले स्पष्ट खाकासहितको मस्यौदा बनाउँदैछ ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयकाअनुसार नेपाल कोइला बहिर्गमन नीतिमा छ । यो नीति अन्तर्गत आगामी सन् २०३० सम्ममा कोइलामा आधारित सबै प्लान्टहरू बन्द गर्ने लक्ष्य लिएको छ । यस नीतिअनुसार सरकारले ब्ल्याक कार्बन उत्सर्जित गर्ने उद्योग बन्द गर्ने गरी स्पष्ट खाकासहित 'कोइला बहिर्गमन नीति' मस्यौदा आगामी सन् २०२८ सम्ममा बनाउँदैछ। उक्त खाका अन्तर्गत सन् २०३० सम्ममा सबै कोइला आधारित प्लान्टहरू बन्द गर्ने लक्ष्य राखिएको हो । कोइला प्रदूषणकारी जीवाश्म इन्धनमध्ये एक हो । कोइलाबाट कार्बनडाइअक्साइड र ब्ल्याक कार्बन पनि उत्सर्जित हुन्छ। पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# सभामुख र प्रमुख सचेतकसँग संघ प्रतिनिधिमण्डलको भेट



**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ असार ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष भुवनसिंह गुरुङले संख्या सय समस्या समाधानसम्बन्धी विधेयक चालु आर्थिक वर्षभित्रै पारित हुने अवस्था बनेको बताएका छन् ।

नेपाली कांग्रेसकी केन्द्रीय सदस्य एवं सांसद सिता गुरुङको नेतृत्वमा संघका अध्यक्ष गुरुङसहित पूर्वअध्यक्ष तिलकबहादुर रानाभाट तथा नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका अध्यक्ष दीपक थापालगायतका व्यवसायी प्रतिनिधिले शुक्रबार प्रतिनिधि सभाका सभामुख देवराज घिमिरे र नेपाली कांग्रेसका प्रमुख सचेतक श्यामकुमार घिमिरेलाई भेट गरेको थियो ।

भेटमा राष्ट्रिय सभाबाट सन्देशसहित पारित भएको केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक २०८० लाई छिटो टुंगोमा पुऱ्याउन असार २९ गतेको प्रतिनिधि सभामा निर्णयार्थ पेश गर्नका लागि संघबाट ध्यानाकर्षण गराइएको थियो । संघको ध्यानाकर्षणपछि सभामुख घिमिरे र प्रमुख सचेतक घिमिरे सकारात्मक रहेको जवाफ प्राप्त भएको संघका अध्यक्ष गुरुङले मध्यान्ह दैनिकलाई बताए । उनले भने, 'परिस्थिति सकारात्मक बनेको छ, सम्पूर्ण व्यवसायीहरूलाई पृष्ठ २ मा

### वैदेशिक रोजगारको नाममा ठग्ने ३ पक्राउ

**काठमाडौं/मस–** वैदेशिक रोजगारीका लागि अल्बानिया पठाइदिन्छु भन्दै ६ जनालाई ठगी गरेको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ। प्रहरीले उदयपुरको त्रियुगा नगरपालिका वडा नं. ९ की विमला दनुवार र कास्कीको पोखरा महानगरपालिका वडा नं. २६ की रामकुमारी रोक्का मगरलाई पक्राउ गरेको हो ।

दनुवारले आठ लाख र रोका मगरले दुई लाख गरी दश लाख ठगी गरेको उजुरी परेको प्रहरीले बताएको छ । यसअघि पृष्ठ २ मा

VACANCY ANNOUNCEMENT
One of the leading Manpower Recruitment company in Kathmandu is seeking for following applicants.
- HR Manager - 1 (Male/Female) (Salary - Negotiable)
- Public Relation Officer (PRO) - 5 Male / 5 Female (Salary 25,000 +)
Requirements:-
- Minimum 2 Years Experienced in Related Fields.
Send Your CV at sunlighthr11@gmail.com
Contact No: 9802341585 / 9864827296
सन लाईट ह्युमन रिर्सोस प्रा. लि. Lic No. 689/063/064
सामाखुसी-०३, काठमाडौं, फोनः ४९८४८३२, ४९८४८३३

विज्ञापन रकम भुक्तानीबारे
अत्यन्त जरुरी सूचना

यस मध्यान्ह राष्ट्रिय दैनिकमा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका केही विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरुको विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम भुक्तानी गर्न बाँकी रहेकोले यही मिति २०८२ असार मसान्तभित्र भुक्तानी गर्नुहुन सूचित गरिन्छ ।
अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस मध्यान्ह राष्ट्रिय दैनिकको रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको छुट सुविधासमेत उपलब्ध नगराइने यसै सार्वजनिक सूचनामार्फत जानकारी गराइन्छ ।

लेखा शाखा
मध्यान्ह
Madhyanha National Daily राष्ट्रिय दैनिक
कमलपोखरी, काठमाडौं
०१५३२६३६६, ०१५३२८२९८
madhyanhadaily59@gmail.com
ad.madhyanha@gmail.com
www.madhyanhadaily.com

# सरकारले गर्नुपर्ने काम मानवसेवाले गरिरहेको छ : प्रचण्ड

**काठमाडौं/मस–** नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आफ्नी दिवङ्गत श्रीमती सीता दाहालको दोस्रो स्मृति दिवसका दिन मानवसेवा आश्रम काठमाडौंको रानीवन सेवा केन्द्रमा पुगेर जीवनसाथी दाहाललाई स्मरण गरेका छन् ।

उनले पत्नी सीताको स्मृतिलाई दिगो राख्न र सबैलाई यस्तो कार्यले प्रेरणा मिलोस् भन्ने उद्देश्यले आश्रममा आश्रितहरूका साथमा यस दिनलाई समर्पण गरेको बताए । स्मृति दिवसको दिन आश्रममा आश्रित २५० सहयोगापेक्षी सडक आश्रित मानवहरूका लागि खाद्यान्न सामग्री र रु एक लाख नगद योगदान गरे ।

साथै, आश्रमका रहेकाहरुलाई आफ्नै हातले भोजन वितरण गरे ।

सो अवसरमा अध्यक्ष दाहालले आफू प्रधानमन्त्री छँदा हेटौंडास्थित मानवसेवा आश्रमको मुख्यालय उद्घाटन गरेको सन्दर्भ स्मरण गर्दै सरकारले गर्नुपर्ने काम मानवसेवा आश्रमले गरिरहेको बताए । मानवसेवा आश्रमको मानवता प्रवर्द्धनका कार्यले अन्तर्राष्ट्रिय जगतमा समेत चर्चा चुलिँदै गएको बताए ।



पूर्वप्रधानमन्त्री दाहालले आफू सरकारमा छँदा सहयोगापेक्षी सडक आश्रित मानवहरूको उद्धार र मानवीय सेवाका लागि सातवटै प्रदेशका लागि सात वटा गाडी उपलब्ध गराउन मन्त्रिपरिषद्‌बाटै निर्णय गरेर प्रक्रिया अघि बढाएको भए पनि अझैसम्म त्यसको कार्यान्वयन नभएकामा चिन्ता व्यक्त गर्दै यसका लागि पहल गर्ने आश्वासन दिए ।

कार्यक्रममा मानवसेवा आश्रमका अध्यक्ष रामजी अधिकारीले मानवसेवा आश्रमको विगत वर्तमान र आगामी योजनाबारे अध्यक्ष दाहाललाई जानकारी गराएका थिए ।

मानवसेवा आश्रमले खुला सडकपेटी एवं सार्वजनिकस्थलहरूमा कष्टपूर्ण जीवनयापन गर्न विवश सहयोगापेक्षी, बेसहारा, असहाय, अशक्त, अभिभावकविहीन, शारीरिक तथा मानसिक रुपमा कमजोर मानवहरूको उद्धार, उपचार, पालनपोषण, संरक्षण एवं पारिवारिक पुनर्मिलनको गराउँदै आएको छ । आश्रमले २०८२ भित्रै मुलुकलाई सहयोगापेक्षी सडकआश्रित मानवमुक्त राष्ट्र नेपाल निर्माण गर्न अभियान सञ्चालन गरिरहेको छ ।

# सार्वजनिक सरोकारका विषयमा प्रदेश सरकारको ध्यानाकर्षण




**कर्णाली/मस–** कर्णाली प्रदेशसभा सदस्यहरूले समसामयिक तथा सार्वजनिक सरोकारका विषयमा प्रदेश सरकारमार्फत सरोकारवालाहरूको ध्यानाकर्षण गराएका छन् ।

कर्णाली प्रदेशसभाको दोस्रो कार्यकालको छैटौं अधिवेशनको शुक्रबार बसेको २८औं बैठकको विशेष समयमा बोल्दै प्रदेशसभा सदस्य रनसिंह परियारले हुम्लाको अदानचुली र नाम्खा गाउँपालिकाको तिलगाउँका पहिरोपीडितको समस्याभन्दा सरकार उद्घाटन, मेलामै रमाउनु विडम्बना भएको बताए । उनले हुम्लाका पहिरो तथा आगलागीपीडितका समस्या यथोचित सम्बोधन गर्न सरकारको ध्यानाकर्षण गराए ।

प्रदेशसभा सदस्य बलिमाया बुढाले प्रदेश सरकारका धेरै योजना अलपत्र परेका र भएका काम पनि गुणस्तरहीन देखिएकाले सरकारलाई यसबारे समयमै बुझ्न आग्रह गरिन् । मिटरब्याज र जग्गा अटोपासले समाजमा विकराल समस्या लिएको भन्दै यस्ता कार्यमा लाग्नेलाई कडा कारबाहीका लागि नीति बनाएर अगाडि बढ्न सरकारको ध्यानाकर्षण गराइन् ।

त्यसैगरी, प्रदेशसमा सदस्य तुलसा मल्लले अविरल वर्षाका कारण रुकुमपश्चिमका धेरै बस्ती विपद्‌को जोखिम भएकाले सुरक्षित स्थानमा ती बस्ती सार्न सरकारलाई तयारी गर्न आग्रह गरिन् । सदस्य कल्याणी खड्काले सरकार तथ्यांकमा रहेर काम गर्न नसकेको बताइन् ।

उनले तथ्यांकबिनाको नीति, कार्यक्रम र योजना बन्न नसक्ने भएकाले सबै क्षेत्रको तथ्यांक स्पष्ट राख्न सरकारको ध्यानाकर्षण गराइन् ।

सदस्य देवेन्द्र शाहीले जुम्लाको चन्दननाथ नगरपालिका, गुठीचौर र तातोपानी गाउँपालिकाको सीमा क्षेत्रको हाका पाटनमा तीन दिनअघि चट्याङ परी एक सय ९७ भेडा मरेकाले यथोचित राहत तथा क्षतिपूर्ति दिन र सोही घटनामा परी घाइते भएका भेडापालक सिञ्जा गाउँपालिका-६ जुम्लाका धनबहादुर रावतको उपचारका लागि सहयोग गर्न सरकारलाई आग्रह गरे ।

प्रदेशसभा सदस्य महेन्द्र केसीले प्रदेश सरकारले चालु आव २०८१/८२ बजेट खर्च गर्न नसकेर असफल भएको धारणा राखे । समग्र खर्च ६४ प्रतिशत र पुँजीगत खर्च ५८ प्रतिशतमात्र गर्नुले खर्च प्रगति कमजोर रहेको बताउँदै उनले कर्णाली प्रदेश खेलकुद विकास परिषद्‌को सदस्यसचिव नौ महिनासम्म नियुक्त किन हुन नसकेको भन्दै प्रश्न गरे ।

प्रदेशसभा सदस्य उर्मिला विश्वकर्माले चौरजहारी नगरपालिका-३ रुकुमपश्चिम टाटागाउँका चन्दबहादुर बुढाथोकीले श्रीमती देवीका बुढाथोकीलाई खुकुरी प्रयोग गरी क्रुर हत्या गरेकाले उनलाई हदैसम्मको कानुनी कारबाही गर्न, एक छोरा र दुई छोरीहरूको भरपोषण, शिक्षा स्वास्थ्यको जिम्मा सरकारलाई लिन आग्रह गरिन् ।

उनले दलित समुदायको सशक्तीकरण र जीवनस्तर प्रवर्द्धन गर्न बनेको विधेयक आर्थिक भार बढ्छ भनेर कार्यकारी नबनाएको र अहिलेसम्म कार्यान्वयनमा आउन नसकेको बारेमा सरकारको ध्यानाकर्षण गराइन् ।

प्रदेशसभा सदस्य मंगलबहादुर शाहीले प्रदेश सरकारले सुशासन र पारदर्शिताका कुरा गरे पनि रु १५ र ३० लाखका योजना छनोट भए नभएकोबारे कुनै जानकारी हुन नसकेको बताए । उनले दलित समुदायको सशक्तीकरण र जीवनस्तर प्रवर्द्धनका लागि बनेको ऐन कार्यकारी अर्थात् अधिकारवाला हुनुपर्ने धारणा राखे । सदस्य कलबहादुर हमालले विपद् जोखिमबाट बढी प्रभावित हुने बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिकहरूको सुरक्षालाई प्राथमिकतामा राखेर तयारी गर्न अनुरोध गरे ।

बैठकमा सभामुख नन्दा गुरुङले प्रदेश सरकारका सामाजिक विकासमन्त्री घनश्याम भण्डारीलाई 'कर्णाली प्रज्ञा प्रतिष्ठान स्थापना तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२' माथि दफावार छलफलका लागि सामाजिक विकास समितिमा पठाइयोस् भनी सभामा प्रस्ताव गर्न समय दिएसँगै उक्त प्रस्ताव सर्वसम्मतिले पारित भएको थियो ।

# ज्येष्ठ नागरिकसम्बन्धी जरुरी सार्वजनिक महत्वको प्रस्ताव कार्यान्वयन गर्न सरकारलाई निर्देशन

**काठमाडौं/मस–** राष्ट्रियसभाले 'ज्येष्ठ नागरिकको जीवन सुरक्षित, गुणस्तरयुक्त र सम्मानित बनाउन थप विशेष व्यवस्था गर्नुपर्ने'सम्बन्धी जरुरी सार्वजनिक महत्वको प्रस्तावमा उल्लेखित विषयलाई प्राथमिकताका आधारमा कार्यान्वयन गर्न सरकारलाई निर्देशन दिएको छ ।

राष्ट्रियसभाको शुक्रबारको बैठकमा राष्ट्रियसभाका सदस्य सुमित्रा विसी प्रस्तावक र राष्ट्रियसभाका सदस्यहरु उर्मिला अर्याल, कमला पन्त, भगवती न्यौपाने, मायाप्रसाद शर्मा, मदनकुमारी शाह (गरिमा), पदमबहादुर परियार र पूजा चौधरी समर्थक रहेको जरुरी सार्वजनिक महत्वको प्रस्तावमाथि छलफल गर्दै उक्त निर्देशन दिएको हो ।

राष्ट्रियसभाका उपाध्यक्ष विमला घिमिरेले ज्येष्ठ नागरिकसम्बन्धी जरुरी सार्वजनिक महत्वको प्रस्तावमा उल्लेखित विषय र महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्रीले सभामा व्यक्त गर्नुभएको प्रतिबद्धतालाई प्राथमिकताका आधारमा कार्यान्वयन गर्न सरकारलाई निर्देशन दिइन् ।

उनले उक्त जरुरी सार्वजनिक महत्वको प्रस्तावमा उल्लेखित विषयको अनुगमन गर्न



सम्बन्धित विषयगत समितिलाई निर्देशन दिइन् ।

बैठकमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर साह सुडीले जरुरी सार्वजनिक महत्वको प्रस्तावमाथि जवाफ दिँदै ज्येष्ठ नागरिकको समस्याप्रति आफू गम्भीर रहेको उल्लेख गर्दै ज्येष्ठ नागरिकका लागि महत्वूर्ण सवाललाई समेटेको जरुरी सार्वजनिक महत्वको प्रस्तावलाई प्रभावकारी कार्यान्वयनमा लैजानुपर्नेमा जोड दिए । उनले ज्येष्ठ नागरिकका विषयमा महिला मन्त्रालय मात्रै नभई, स्वास्थ्य, कानुन र अर्थ मन्त्रालयसँग पनि सम्बन्धित रहेकाले सबैले विषयको संवेदनशीलतालाई ख्याल गरेर अगाडि बढ्नुपर्नेमा जोड दिए ।

मन्त्री सुडीले मन्त्रालयले तीन महिनाभित्र ज्येष्ठ नागरिकको सवाललाई सम्बोधन गर्नेगरी विधेयक ल्याउने जानकारी दिए । उनले वास्तविक समस्यामा रहेका ज्येष्ठ नागरिकको आर्थिक अवस्थालाई मध्यनजर गरी नीति बनाइनुपर्ने आवश्यकता औंल्याए ।

त्यसअघि 'ज्येष्ठ नागरिकको जीवन सुरक्षित, गुणस्तरयुक्त र सम्मानित बनाउन थप विशेष व्यवस्था गर्नुपर्ने'सम्बन्धी जरुरी सार्वजनिक महत्वको प्रस्तावमाथिको छलफलमा भाग लिँदै राष्ट्रियसभाका सदस्य गोपीबहादुर सार्की अछामीले ज्येष्ठ नागरिकलाई व्यवस्थित सम्मानित तवरले बाँच्न पाउने व्यवस्था गरिनुपर्ने बताए । सभाका सदस्य तुलसीकुमारी दाहालले उक्त प्रस्तावको स्वागत र समर्थन गर्दै ज्येष्ठ नागरिकको अनुभव, सीप र ज्ञानलाई युवापुस्तामा हस्तान्तरण गर्न जरुरी रहेको औंल्याइन् । अर्का सदस्य युवराज शर्माले ज्येष्ठ नागरिक, परिवार र समाजबाटै अपहेलित हुनेगरेका जिकिर गर्दै जीवनोपयोगी कानुन बनाएर त्यसको प्रभावकारी कार्यान्वयन गरिनुपर्नेमा जोड दिए । सभाका सदस्य भुवनबहादुर सुनारले आधुनिक समाज समस्यातर्फउन्मुख भइरहेको र ज्येष्ठ नागरिकप्रतिको दृष्टिकोण फरक रहेको उल्लेख गर्दै यसका लागि आवश्यक कानुन बनाउन अपरिहार्य भएको बताए ।

# सुई नपाउँदा छट्पटिँदै 'हेमोफिलिया'का बिरामी

**दाङ/मस–** दाङको तुलसीपुर उपमहानगरपालिका-७ निवासी रामबहादुर दहित लामो समयदेखि हेमोफिलिया नामक रोगबाट पीडित छन् । उनीसँगै उनका तीन दाजुभाइ पनि यही वंशानुगत रोगबाट ग्रसित छन् । तर, आवश्यक औषधिको अभावका कारण उपचारमा कठिनाइ भोग्नुपरेको छ ।




हेमोफिलियाको नियमित उपचारका लागि 'फ्याक्टर' नामक औषधि सुईमार्फत दिनुपर्ने हुन्छ । दहितका अनुसार 'हामीले नजिकै औषधि पाउँदैनौं, त्यसका लागि काठमाडौं वा बुटवल जानुपर्छ ।'

यो रोग लागेका व्यक्तिको शरीरमा कुनै चोट लागेमा रगत जम्दैन, रगतको बगावट रोक्न फ्याक्टर सुई नै अनिवार्य हुन्छ । तर, जिल्ला स्तरमै औषधिको उपलब्धता नहुँदा बुटवल वा काठमाडौं जानु पर्ने बाध्यता छ । यस्तो अवस्थामा बिरामीको मृत्यु पनि बाटोमै हुनसक्ने खतरा रहेको उनी बताउँछन् ।

हेमोफिलिया पीडित शेरबहादुर चौधरीले पनि फ्याक्टर सुई सहजै नपाइने गुनासो गरेका छन् । 'फ्याक्टर ल्याउन बुटवल जानुपर्छ, तर त्यहीं पनि पाउन मुस्किल हुन्छ', उनले भने ।

फ्याक्टर सुईको मूल्य महँगो भए पनि हाल सरकारले यसलाई निःशुल्क उपलब्ध गराउने व्यवस्था गरेको छ । लुम्बिनी प्रदेश सरकारले निःशुल्क औषधि उपलब्ध गराए तापनि औषधि आपूर्ति सहज छैन, र सरकारले हेमोफिलिया पीडितप्रति खासै चासो नदिएको चौधरीको भनाइ छ ।

हाल लुम्बिनी प्रादेशिक अस्पताल बुटवल र भेरी अस्पताल बाँकेमा मात्र फ्याक्टर उपलब्ध छ । तुलसीपुरमा मात्र छजना हेमोफिलियाका बिरामी छन् । तुलसीपुर उपमहानगरपालिकाले ती बिरामीहरूलाई बुटवल जाँदा सहज होस् भनी बर्सेनि आर्थिक सहयोग गर्दै आएको छ । चालु आर्थिक वर्षमा पनि उपमहानगरपालिकाले प्रति बिरामी रु १५ हजारका दरले सहयोग गरेको प्रमुख टीकाराम खड्काले जानकारी दिए ।

हेमोफिलिया रगत सम्बन्धी आनुवंशिक रोग हो। शरीरमा आवश्यक प्रोटिनको कमीका कारण यो रोग लाग्दछ । यसले गर्दा शरीरमा चोट लाग्दा वा छाला काट्दा रगत नजम्ने समस्या हुन्छ, जसको कारण रक्तस्राव धेरै हुने हुन्छ । तुलसीपुर उपमहानगरपालिका जनस्वास्थ्य प्रवर्द्धन महाशाखा प्रमुख ओमपी न्यौपानेका अनुसार 'यो रोगको पूर्ण उपचार छैन । चोटपटक वा दुर्घटनाका कारण हेमोफिलिया भएका बिरामीको रगत अत्यधिक बग्न सक्ने भएकाले विशेष सावधानी आवश्यक पर्छ ।'

### पर्याप्त...

लागि तत्काल राहत प्याकेजको आवश्यकता औंल्याउँदै संघीय सरकारसँग विशेष सहयोगको माग गरेको छ । यस्तै, कृषि क्षेत्रमा क्रियाशील दातृ निकायहरूलाई पनि सक्रिय भूमिका निर्वाह गर्न आग्रह गरिएको छ ।

प्रदेशमा हरेक वर्ष ठूलो रकम फ्रिज हुँदै आएको छ । चालु आवमा सबभन्दा अधिक करिब ७१ प्रतिशत खर्च गर्दा पनि लगभग २९ प्रतिशत बजेट फ्रिज भएको छ । प्रदेश सरकार आफ्नो बजेट खर्च गर्न नसकेरसंघ सरकारसँग हात जोडेको छ ।

किसानलाई विशेष राहत प्याकेजका लागि संघलाई गुहार्ने गरेको निर्णयको आलोचना भइरहेको छ ।

सरकारका प्रवक्तासमेत रहेका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीले ठाउँठाउँमा भारी वर्षापछि बाढीपहिरोले विध्वंश मच्चाउँदा मधेश प्रदेश भने संकटमा परेको बताए । 'नेपालमा जेठ १५ गते नै मनसुन भित्रिए पनि मधेश प्रदेशमा भने उल्लेख्य वर्षा भएको छैन', उनले भने ।

रोपाइँ गर्ने बेलामा पनि पानी नपरेपछि प्रदेशलाई सुख्खाग्रस्त घोषणा गरिएको मन्त्री लेखीले बताए । 'पानी नपरेपछि यहाँका किसान पीडित छन् । किसानलाई के कस्तो राहत र सेवा सुविधा दिन सकिन्छ भनेर संघ सरकारलाई आग्रह गरेका छौं । पानी नपरेपछि धान रोप्न मात्र नपाएको होइन, अन्य बाली पनि सप्रेको छैन', मन्त्री लेखीले भने ।

#### आकाशे पानीको आस

मधेशका किसानलाई ३ वर्षअघिसम्म धान रोपाइँ गर्न कुनै समस्या थिएन । खेत छेउमै नहर भएको हुँदा असार मसान्तभित्रै धान रोपाइँ सक्थे । तर, ३ वर्ष यता धान रोपाइँ किसानहरूका लागि निकै टाउको दुखाइ बनेको छ । कारण, खेत छेउमै रहेको नहरमा अब पानी आउँदैन ।

मधेशमा खेती रोपाइँ गर्न सक्ने जति पानी परेकै छैन । 'अब त आकाशे पानीकै आस छ । वर्षा नभए खेत बाँझै रहन्छ,' महोत्तरी लोहारपट्टी नगरपालिका-७, भ्रमरपुराका किसान रामएकवाल ठाकुरले भने । 'बिउ तयार छ, पानी नहुँदा बिउ पनि डढ्न थालेको छ ।' वर्षौंदेखि किसानको सिँचाइ, मल र बिउको समस्या भएपनि सरकारले ध्यान नदिएको उनको गुनासो छ ।

सरकारले ७० प्रतिशत जमिनमा सिँचाइ भएको दाबी गरे पनि वास्तविकतामा ३० प्रतिशत जमिनमा मात्रै सिँचाइ रहेको धानबाली विज्ञ डा. रामवरण यादवले बताए । 'यहाँको किसान सधैँ आकाशे पानीकै भरमा छ । यसपटक अहिलेसम्म राम्ररी पानी परेको छैन त्यही भएर रोपाइँ हुन सकेको छैन', उनले भने ।

### ५ वर्षभित्र...

ब्ल्याक कार्बनको असर न्यूनीकरणका लागि नविकरणीय ऊर्जाको प्रयोग गर्ने विकल्पमा जान गरी कार्बनडाइअक्साइड र ब्ल्याक कार्बन पनि उत्सर्जित हुने कोइला आधारित प्लान्टहरू बन्द गर्न लागिएको हो ।

ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयकाअनुसार कार्बन उत्सर्जनमा नेपालको न्यून योगदान छ । तर, जलवायु परिवर्तनको असर नेपालले ठूलो मात्रामा भोगिरहेको छ । यसकारण नेपालले ऊर्जा विकासको दीर्घकालीन रणनीति अपनाउँदै कार्बनडाइअक्साइड र ब्ल्याक कार्बन उत्सर्जित गर्ने उद्योग सञ्चालन गर्दै आएका ठूला देशलाई दबाब दिन कोइला आधारित उद्योग बन्द गर्ने नीति लिएको हो ।

२०७८ साल मंसिर पहिलो साता स्कटल्याण्डमा सम्पन्न जलवायु परिवर्तन सम्मेलनमा अधिक कार्बन उत्सर्जन गर्ने इन्डोनेसिया, भियतनाम, पोल्याण्ड, दक्षिण कोरिया, युक्रेनसहितका ३२ देशले कोइलामाथिको निर्भरता शून्यमा झार्ने प्रतिबद्धता जनाएका थिए । ४७ राष्ट्रले 'ग्लोबल कोल टु क्लिन पावर ट्रान्जिसन स्टेटमेन्ट' को नीतिमा समर्थन जनाएका थिए । नवीकरणीय ऊर्जा उत्पादनलाई तीव्रता दिई ऊर्जा दक्षताको उपायमा जानेसबै राष्ट्रको साझा प्रतिबद्धता छ ।

प्रतिवद्धताअनुसार युरोपियन युनियनमा आवद्ध देशहरूलेसमेत कोइला आधारित उद्योग बन्द गरिसकेका छन् । युरोपियन युनियनमा आवद्ध पोर्चुगल, बेल्जियम, अष्ट्रिया र स्वीडेनले कोइलामा आधारित थर्मल प्यान्टबाट विद्युत उत्पादनसमेतबन्द गरिसकेका छन् ।

चीन र भारतले कोइला प्लान्टबाट धेरै कार्बन उत्सर्जन गर्दै आएका छन् । यी दुवै देशले कार्बन उत्सर्जन कम गर्न कोइलामा आधारित थर्मल प्लान्टबाट हुने विद्युत उत्पादन क्रमशः घटाउँदै लैजाने र नवीकरणीय ऊर्जा उत्पादनमा जोड दिने प्रतिबद्धता समेत जनाएका छन् ।

कार्बन उत्सर्जनको सबैभन्दा ठूलो स्रोत रहेको कोइलामा आधारित थर्मल प्लान्ट बन्द नगर्ने देशलाई दबाब दिने नीति अन्तर्गत युरोपियन युनियनमा आवद्ध देशहरूले झैं नेपालले पनि कोइलामा आधारित उद्योग बन्द गर्ने नीति अवलम्बन गरेको हो ।

### सभामुख...

केही दिन धैर्य गरिदिनु हुन हार्दिक अनुरोध गर्दछौं । सबै व्यवसायीले इजाजत नवीकरण गर्ने वातावरण बन्छ ।'

प्रतिनिधि सभाले वैशाख १६ गते उक्त विधेयक बहुमतले पारित गरेको थियो । विधेयक पारित भएपछि खुशीमा बधाई साटासाट गरेका वैदेशिक रोजगार व्यवसायी असार मसान्त आउन लाग्दासमेत राष्ट्रिय सभाबाट सो विधेयक पारित नहुँदा निराशाको अवस्थामा देखिएका छन् ।

असार मसान्त आउन लाग्दासम्म पनि विधेयक ऐनको रूपमा नआएपछि विभिन्न कारणले वार्षिक सय जना कामदार पठाउन नपाएका व्यवसायीमा साउन लागेपछि वैदेशिक रोजगार विभागमा कम्पनीको एलटी रोकिने र व्यावसायिक प्रतिष्ठा धुमिल हुने तथा प्रतिस्पर्धी व्यवसायीले बजार बिगारिदने चिन्ता देखिएको छ ।

यसअघि प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालको प्रतिनिधिमण्डलले पनि सभामुख घिमिरेलाई भेटेर यथाशक्य छिटो विधेयक पारित हुने वातावरण बनाइदिन आग्रह गरेको थियो । भेटमा सभामुख घिमिरेले राष्ट्रिय सभाबाट सन्देशसहित प्राप्त विधेयक असार २३ गते नै प्रतिनिधि सभामा टेबुल हुने आश्वासन दिएको मञ्चका अध्यक्ष जनक रावलले बताएका थिए । तर हालसम्म विधेयक टेबुल भएको छैन ।

वैदेशिक रोजगार विभागले एक महिनाअघि नै इजाजत नवीकरण प्रारम्भ गरेको सूचना सार्वजनिक गरिसकेको छ । व्यवसायीले १० हजार शुल्क तिरेर असार मसान्तसम्ममा र प्रत्येक महिनाको १० हजार जरिवाना तिरेर असोज मसान्तसम्म इजाजत नवीकरण गर्न पाउने व्यवस्था छ ।

### वैदेशिक...

बिहीबार प्रहरीले १९ जना पीडितलाई वैदेशिक रोजगारीका लागि बेलायत पठाउने भन्दै ४१ लाख ५० हजार ठगी गरेको आरोपमा नवलपरासी (पूर्व) सुनवल १० की अकृजा भन्ने बिन्दु पोखरेललाई पक्राउ गरेको थियो ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक काजीकुमार आचार्यले बेरोजगार युवायुवतीहरूलाई आकर्षक तलबको प्रलोभनमा पारी रोजगारीका लागि विभिन्न देश लैजाने भन्दै लामो समयसम्म झुक्यानमा राखेर विदेश नपठाइ सम्पर्कविहीन हुने क्रम बढेको भन्दै सचेत हुन आग्रह गरेका छन् ।

# मध्यान्हकर्मी बोहरालाई मातृशोक

**काठमाडौं/मस–** मध्यान्हकर्मी सपना बोहरालाई मातृशोक परेको छ । मध्यान्ह राष्ट्रिय दैनिककी दाङ संवाददाता बोहराकी आमा भुमा बोहराको निधन भएको हो । केही समयदेखि क्यान्सर रोगबाट पीडित बोहराको ६७ वर्षको उमेरमा शुक्रबार बिहान निधन भएको पारिवारिक स्रोतले जनाएको छ ।



वीर अस्पतालमा उपचारकै क्रममा उनको निधन भएको हो । उनको शुक्रबार नै पशुपति आर्यघाटमा अन्तिम संस्कार गरिएको छ । उनको काजकिरिया छोरी सपना बोहराले गरेको पारिवारिक स्रोतले जनाएको छ । स्व. बोहराका पति, ४ छोरी र एक छोरा रहेका छन् ।

## राष्ट्रिय जनसंख्या नीति सार्वजनिक

# जनसंख्या वृद्धिदर घट्नु मानव अस्तित्वमाथि खतरा : प्रधानमन्त्री

**काठमाडौं/मस-** प्रधानमन्त्री केपी शर्मा ओलीले विकास र समृद्धिसँगसँगै जनसंख्याको समान विकास नभए मानव अस्तित्व खतरामा पर्ने बताएका छन् ।

विश्व जनसंख्या दिवसका अवसरमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा आयोजित राष्ट्रिय जनसंख्या नीति, २०८२ सार्वजनिक कार्यक्रममा प्रधानमन्त्री ओलीले विकास र जनसंख्याको गतिसँगै हुनुपर्नेमा जोड दिँदै हरेकले आफ्नो सन्तानवृत्तिलाई धर्तीका लागि उत्तरदायित्वका रुपमा लिनुपर्ने बताए ।




'मानिस भएकाले हरेक देशको अर्थ छ, धर्तीको अर्थ छ । जनसंख्या हुँदैनथ्यो भने देश हुँदैन । हामीले मानव जातिको सुखपूर्ण अस्तित्व रक्षाका लागि उपयुक्त नीति र कदमहरु चाल्नुपर्छ', प्रधानमन्त्री ओलीले भने, 'सृष्टिको सृजनाका लागि मानव जाति जति मूल्यवान् अर्को छैन । आफ्नो स्वार्थका लागि मान्छे मार्ने कामधन्धा छोड्न सम्बद्ध सबैसँग अनुरोध गर्दछु । जनसंख्याका बारेमा गोष्ठी र सेमिनार पनि गर्ने अनि आम विनाशका हतियार बनाएर मान्छे पनि मारिरहने क्रमले मानव संसारको अस्तित्व बच्दैन ।'

प्रधानमन्त्री ओलीले २० वर्षपछि मात्र विवाह गर्न पाउने कानुनी व्यवस्था भएबमोजिम समयमै विवाह गरी ३० वर्षभित्र तीन सन्तान पाइसक्न र ४० कटेपछि रमाउला भन्ने गीतमा नअल्मन आग्रह गरे ।

उनले सन्तानले डाँडाकाँडा ढाकून् नभन भनेर जनचेतना फैलाउँदा उल्टो असर परी सन्तान नै नजन्माउने परिस्थिति सिर्जना भएकातर्फ चिन्ता व्यक्त गरे ।

पछिल्ला वर्षमा विकसित देशहरुमा समेत जनसंख्याको वृद्धिदर घट्नथालेको सन्दर्भ उल्लेख गर्दै प्रधानमन्त्री ओलीले यसबाट समग्र विकास निर्माण र वितरण व्यवस्था प्रभावित हुनुका साथै मानव अस्तित्वमाथि नै संकट उत्पन्न हुनसक्ने धारणा व्यक्त गरे ।

कार्यक्रममा स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले देशमा जनसंख्या वृद्धिदर घट्दै गएको, युवा जन जनसंख्याको लाभांश प्रयोग गर्न नसकिएको र विभिन्न जनसांख्यिकीय चुनौती देखिएका भन्दै राष्ट्रिय जनसंख्या नीति-२०८२ मार्फत समाधानको बाटो सुरु गरिएको बताए ।

मन्त्री पौडेलले यो नीति केवल जनसंख्याको संख्यासँग मात्र नभई जनताको चाहना, अधिकार र सामाजिक आवश्यकतासँग जोडिएको बताए ।

'विभिन्न पक्षलाई समेटेर यो नीति आएको हो,' मन्त्री पौडेलले भने, 'जनसांख्यिक अवस्था ऋणात्मक दिशातर्फ जाँदैछ । त्यसैले प्रजनन अधिकारलाई सुरक्षित गर्दै सन्तुलित जनसंख्या संरचना कायम गर्न यो नीति प्रेरित गरिएको हो ।'

तीनै तहका सरकारमार्फत नीति कार्यान्वयन गरेर प्रभावकारी कार्यक्रम सञ्चालन हुने मन्त्री पौडेलले विश्वास व्यक्त गरे । जनसंख्याको बनावट, वितरण र संरचनासँग जोडिएका अवसर तथा चुनौतीलाई सम्बोधन गर्न राज्यको सक्रिय भूमिका अपरिहार्य रहेको उल्लेख गर्दै उनले नेपालको जनसंख्यालाई उच्चतम सदुपयोग गर्न तथा युवा पुस्ताको सपना साकार पार्न सबैलाई एकजुट हुन आह्वान गरे ।

कार्यक्रममा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका जनसंख्या व्यवस्थापन महाशाखाका सहसचिव ढुण्डिप्रसाद निरौलाले नीति कसलाई, कहिले, के सेवा दिने र सक्षम जनसङ्ख्याको उपयोग कसरी गरेर समृद्ध राष्ट्र निर्माण गर्न सकिन्छ भन्ने पक्षसँग जोडिएको जानकारी दिए ।

उनले भने, 'यो नीतिको विशेषता युवा पुस्ताको सशक्तीकरण गर्दै जनसांख्यिक लाभांशको भरपुर उपयोग गर्नु, असन्तुलित आन्तरिक तथा बाह्य बसाइँसराइ, अव्यवस्थित बसोबास र गाउँ-पहाडका रित्तिँदै गएका बस्तीलाई विकास र अवसरसँग जोडेर सन्तुलनमा ल्याउनु हो ।'

कार्यक्रममा राष्ट्रिय जनसंख्या नीति,२०८२ सार्वजनिक गरिएको थियो । राष्ट्रिय जनसंख्या २०७८ अनुसार हिमाली क्षेत्र समेत ३४ जिल्ला र ३ सय १९ स्थानीय तहमा जनसंख्झा वृद्धिदर ऋणात्मक रहेको छ । जनसंख्या वृद्धिदर ०.९२ प्रतिशत रहेको छ। २०६८ मा १.३५ प्रतिशत रहेको थियो । त्यस्तै प्रजनन दर प्रतिष्थापन तह भन्दा तल रहेको छ ।

प्रजनन दर प्रतिष्थापन तह भन्दा २.१ हुनुपर्नेमा १.९३ रहेको छ । त्यस्तै ज्येष्ठ नागरिकको जनसंख्या १०.२१ प्रतिशत रहेको छ भने १५–५९ वर्ष उमेर समूहको जनसंख्या ६१.९ प्रतिशत रहेको छ । त्यस्तै जन्मका क्रममा लैंगिक अनुपात प्रत्येक सय बालिकाको जन्ममा ११४ बालकको जन्म रहेको छ ।

# वामदेव एकीकृत समाजवादीमा जाने

**काठमाडौं/मस-** नेकपा एकता राष्ट्रिय अभियानका अध्यक्ष वामदेव गौतम नेकपा एकीकृत समाजवादीमा समाहित हुने भएका छन् ।



शुक्रबार एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल र अभियानका अध्यक्ष गौतमबीच पार्टी एकता गर्ने सहमति भएको हो ।

पार्टी एकताको घोषणा २ साउनमा राष्ट्रियसभागृहमा कार्यक्रम आयोजना गरी गर्ने सहमति पनि भएको छ । सहमति पत्रमा नेपालको कम्युनिष्ट आन्दोलनलाई एकताबद्ध गर्नु पर्ने आजको ऐतिहासिक आवश्यकतालाई ध्यानमा राख्दै एकताबद्ध हुने सहमति गरेको उल्लेख छ। सहमतिपत्रमा भनिएको छ, 'नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल र नेकपा एकता राष्ट्रिय अभियानकर अध्यक्ष वामदेव गौतमसहितका नेताहरूबीच छलफल हुँदा राजनीतिक दर्शन, सिद्धान्त, कार्यक्रम, रणनीती र कार्यदिशामा एकरुपता रहेको र नेपालको कम्युनिस्ट आन्दोलनलाई एकताबद्ध गर्नु पर्ने आजको ऐतिहासिक आवश्यकतालाई ध्यानमा राख्दै नेकपा एकता राष्ट्रिय अभियान नेकपा (एकीकृत समाजवादी) मा एकतावद्ध हुने सहमति गरियो ।'

# 'विधायिका, कार्यपालिका र न्यायपालिका भन्दा सर्वोत्तम स्थान अख्तियार हुनुहुँदैन'

**काठमाडौं/मस-** नेपाल बार एशोसिएशनका अध्यक्ष प्रा.डा.विजलयप्रसाद मिश्रले विधायिका, कार्यपालिका र न्यायपालिका भन्दा सर्वोत्तम स्थान अख्तियार नभएको बताएका छन् ।



शुक्रबार काठमाडौंमा आयोजित एक कार्यक्रममा बोल्दै उनले नीतिगत रुपमा मन्त्रीपरिषद्ले गरेको निर्णयको रिभ्यु अख्तियारले गर्न नपाउने बताए । उनले त्यसको लागि आम नागरिकले अर्को चुनावमा पराजित गरेर दण्ड दिनुपर्ने बताए ।

विधायिकाद्वारा कार्यपालिका निर्वाचित हुने र कार्यपालिकाले सामुहिक रुपमा नीतिगत निर्णय गर्ने बताए । अख्तियार नै सर्वेसर्वा हुने हो भने र विधायिका, कार्यपालिका, न्यायपालिका भन्दा सर्वोत्तम स्थान अख्तियारले प्राप्त गर्ने हो भने वेस्ट मिनिस्ट्रियल प्रणाली अर्थ के ? भन्दै प्रश्न गरे । हरेक निर्णय गर्दा अख्तियारले समाउला की भनेर पोलिसी डिसिजन एक्ज्युकिटिभ नै अख्तियारको डोमिनभित्र पारेर गर्ने हो भने शासन सत्ता र संविधानको कार्यान्वयन हुन नसक्ने बताए ।

उनले भने, 'नीतिगत रुपमा क्याबिनेटले गरेको निर्णय अख्तियारले रिभ्यु गर्न पाउने की नपाउने भन्ने प्रश्न थियो । केदारनाथ उपाध्याय श्रीमानले के लेख्नुभयो भने, हाम्रोमा विधायिका, कार्यपालिका, न्यायपालिका छ । विधायिकाद्वारा कार्यपालिका निर्वाचित हुन्छ । कार्यपालिकाले सामुहिक रुपमा नीतिगत निर्णय गर्दछ । नीतिगत निर्णय गर्दछ भने त्यसलाई अन्तिममा जनताले अर्को चुनावमा सजाय दिने हो । त्यो बोहक अख्तियार नै सर्वेसर्वा हुने हो भने विधायिका, कार्यपालिका, न्यायपालिका भन्दा सर्वोत्तम स्थान अख्तियारले प्राप्त गर्ने हो भने वेस्ट मिनिस्ट्रियल प्रणालीको अर्थ के ? हरेक निर्णय गर्दा अख्तियारले समाउला की भनेर पोलिसी डिसिजन एक्ज्युकेटिभ नै अख्तियारको डोमिनभित्र पारेर गर्ने हो भने शासन सत्ता र संविधानको कार्यान्वयन हुन सक्दैन ।'

जनताले यसबारेमा विचार गरेर भ्रष्टाचार गर्नेहरुलाई अर्को चुनावमा पराजित गर्न जरुरी रहेको बताए । उनले जनता ठिक भएपछि मात्रै भ्रष्टाचार रोकिने जिकिर गरे ।

# थाँती फाइलहरू असार मसान्तसम्म टुंग्याउन मन्त्री भण्डारीको निर्देशन



**काठमाडौं/मस-** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले कम्पनी दर्ता, नवीकरणलगायतका कामका लागि केही समयदेखि थन्किएका (थाँती रहेका) फाइल असार मसान्तसम्म टुंग्याउन निर्देशन दिएका छन् । कम्पनी रजिस्ट्रारको कार्यालयबारे अनियमितताका प्रश्न उठेसँगै मन्त्री भण्डारी सो निर्देशन दिएका हुन् ।

कर्मचारीले सेवाग्राहीबाट आर्थिक लाभका आधारमा काम गरिरहेको र सफ्टवेयर डाउनसम्मको क्रियाकलाप भएको विषय सञ्चारमाध्यममा आएको थियो ।

त्यसैगरी, मन्त्री भण्डारीले कम्पनी रजिस्ट्रारको कार्यालयलाई प्रत्यक्ष निगरानीमा राख्न, त्यहाँ सञ्चालित अनलाइन प्रणाली र सिसीटिभीको प्रत्यक्ष अनुगमन गर्न सम्बन्धित महाशाखालाई निर्देशन दिए ।

मन्त्री भण्डारीको निर्देशनपश्चात औद्योगिक तथा लगानी प्रवर्द्धन महाशाखा प्रमुख जितेन्द्र बस्नेत नेतृत्वको टोली कम्पनी रजिस्ट्रारको कार्यालय पुगेको थियो । उक्त टोलीसँग कर्मचारीहरूले काम गर्ने क्रममा केही कानुनी र प्राविधिक समस्या रहेका कारण काममा ढिलाइ भइरहेको समस्या दर्शाएका थिए ।

हाल सञ्चालनमा रहेका दुईवटा अनलाइन प्रणालीका कारण केही समस्या आइरहेको कर्मचारीको गुनासो छ । पूर्ण अनलाइन प्रणालीमा गइसकेको कम्पनी रजिस्ट्रारको कार्यालयमा अझै लाइन बस्नुपर्ने बाध्यता रहेको सेवाग्राहीको गुनासो छ । महाशाखा प्रमुख बस्नेतले समस्या समाधानका लागि आवश्यक समन्वय गर्ने बताउँदै असार मसान्तभित्र दिनरात खटेर हालसम्मका थाँती फाइलहरूको काम सम्पन्न गर्नुपर्ने बताए ।

बस्नेतले कार्यालयका जोकोही कर्मचारीबाट पनि आर्थिक अनियमितता भएको भए कारबाही गर्ने बताउँदै आर्थिक अनियमिततामा विषयमा शून्य सहनशीलता अपनाउन निर्देशन दिए ।

यसअघि मन्त्रालयले बिहानै कम्पनी रजिस्ट्रारको कार्यालयलाई निर्देशनात्मक पत्र पठाएको छ । उक्त पत्रमा लेखिएको छ, 'कम्पनी रजिस्ट्रार कार्यालयले सञ्चालनमा ल्याएको 'सिएएमआइएस' प्रणालीमा लामो समयदेखिका निवेदनहरू थाँती रहेका र अनलाइन प्रणाली अवलम्बन गर्दा पनि कार्यालय परिसरमा सेवाग्राही उपस्थित नभई काम नहुने र कार्यालयमा असम्बन्धित मान्छेहरूको समेत चहलपहल भई भीडभाडको अवस्था रहेको जनगुनासो आएको सन्दर्भमा मन्त्रालयबाट सेवा प्रवाहलाई प्रभावकारी बनाउन सहयोग पुर्याउने उद्देश्यले मन्त्रालयका सहसचिवको नेतृत्वमा अनुगमन/निरीक्षण समिति गठन गरी खटाइएको छ ।'

उक्त पत्रमा कम्पनीहरूको अद्यावधिक विवरण छुट, सहुलियतका लागि निवेदन र अन्य प्रकारका कम्पनीसम्बन्धी सेवा लिन ठूलो संख्यामा आर्थिक वर्षको अन्त्यतिर अनलाइन प्रणालीमा आवेदन प्राप्त भएको र सो कार्य तत्काल सम्पन्न गरी छिटोछरितो सेवा उपलब्ध गराउन कार्यालयले नियमित कार्यालय समयबाहेक बिहानबेलुका र बिदाको दिन पनि निर्बाध रूपमा कार्यालय सञ्चालन गर्ने सम्बोधन गर्दै अगामी दिनमा गुनासोरहित सेवा व्यवस्था मिलाई सेवा प्रवाह समयमै गरी जनगुनासा समाधान गर्न निर्देशन दिएको छ ।

# सुनिल पौडलसहित ६ जनाविरुद्ध भ्रष्टाचार मुद्दा



**काठमाडौं/मस-** अख्तियार दुरूपयोग अनुसन्धान आयोगले राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालीन कार्यकारी निर्देशक सुनिल पौडेलसहित ६ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ।

अख्तियारले शुक्रबार झुट्टा विवरण तयारी कम्प्युटर सामग्री खरिदमा झन्डै १६ करोड भ्रष्टाचार गरेको अभियोगमा पौडेलसहित ६ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर भएको हो ।

२०७६ माघ १५ भएको ठेक्का सम्झौतामा उच्च गति कम्प्युटिङ उपकरण खरिद गर्ने व्यहोरा राखेर कमसल गुणस्तरको उपकरण खरिद गर्दा अनियमितता भएको अख्तियारको ठहर छ । पौडेलसहित केन्द्रका तत्कालीन निर्देशक सफल श्रेष्ठ, सहायक निर्देशक रमेश पोखेल र कम्प्युटर इन्जिनियर रामशरण गायक, लेखा अधिकृत निमबहादुर वली, वर्ल्ड डिष्ट्रिब्युसन नेपाल प्रालि कान्तिपथ काठमाडौं र उक्त कम्पनीका अध्यक्ष तथा प्रवन्ध निर्देशक अरूण श्रेष्ठविरुद्ध मुद्दा दायर गरिएको अख्तियारका प्रवक्ता राजेन्द्रकुमार पौडेलले जानकारी दिए । अख्तियारले उनीहरूविरूद्ध १५ करोड ८८ लाख ५० हजार बिगो माग दाबी गरेको छ ।

# विद्यार्थीलाई निःशुल्क आवासीय सुविधा

**ताप्लेजुङ/मस-** ताप्लेजुङको सिरिजंगा गाउँपालिका-१ मा सिनाम माध्यमिक विद्यालयले कक्षा ११ र १२ मा विज्ञानदेखि कानुनसम्मका विषय निःशुल्क पढाउने भएको छ । प्रधानाध्यापक महेन्द्र प्रकाश गौतमका अनुसार यहाँ विज्ञान, व्यवस्थापन, शिक्षा, मानविकी र कानुन विषयको पढाइ हुन्छ ।



१०० छात्र र १०० नै छात्रा गरी २०० विद्यार्थीले बस्ने सुविधा पनि निःशुल्क पाउने गौतमले बताए । विद्यालयमा छात्र र छात्राका लागि छुट्टाछुट्टै छात्रवास भवन छन् । विद्यार्थीलाई निःशुल्क पढाउन हिमाली छात्रबासका नाममा संघीय सरकारले २० जनालाई सहयोग गर्छ । गाउँपालिकाले पनि निःशुल्क शिक्षाका लागि केही रकम छुट्याएर सहयोग गर्दै आएको छ ।

यहाँ तीनवर्षे डिप्लोमा इन सिभिल इन्जिनियरिङ र आईएसईएजी विषयको पनि पढाइ हुन्छ । एसईईमा नन ग्रेडिङ ल्याउनेका लागि १८ महिने सिभिल इन्जिनियरिङ र कृषितर्फ जेटीएको पढाइ हुँदै आएको छ । सिभिल इन्जिनियरिङ र आईएससीएजीका लागि पनि प्रतिसेमेस्टर १२ हजार ५ सय मात्रै शुल्क रहेको विद्यालयले जनाएको छ ।

प्रधानाध्यापक गौतमका अनुसार विद्यालयमा विज्ञान, गणित, अंग्रेजीका विषयगत शिक्षकको पूरा दरबन्दी भएको र प्राविधिक विषय पढाउने शिक्षक विद्यालयमै राख्दा ११ र १२ निःशुल्क पढाउन सकिएको हो ।

संघीय सरकारले यसलाई नमुना विद्यालय घोषणा गरेको छ। यसले विज्ञानका लागि लाइब्रेरी, भवन लगायतको सहयोग पुगेको छ ।

छात्रवास र विद्यालय भवनका लागि भारतीय दूतावास र गाउँपालिकाले सहयोग गरेका छन् । हिमाली छात्रबासमा छनोट भएका २० जनाले चाहिँ खाना पनि निःशुल्क पाउने गौतमले बताए । बाँकी विद्यार्थीले खाने मात्रै व्यवस्थापन गरे शुल्क तिर्नु पर्दैन ।

**मोटरसाईकल हराएको सूचना**

मिति २०८२/०२/२७ गते अन्दाजी रातको १२:०० बजेको समयमा ना.न.पा. - ०८, शान्तिटोलमा पार्किङ गरि राखेको बा.प्र-०२-०३९ प ९६४८ नम्बरको सेतो रङको NS 200 CC पल्सर मोटरसाइकल हराएको ले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनुहोला ।

सवारी धनी: विशाल परियार
च्यासिसनं.: MD2A36FX8MCH97439
इन्जीन नं.: JLXCMH24867
सम्पर्क: ९८६-६८१६२५१

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८२/०३/२८

**इम्पायर स्पोर्टस म्यानेजमेन्ट प्रा. लि.** को मिति २०८२/०३/०६ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **फिटफोर्स एक्टिभवेयर प्रा. लि. (प्रा. लि. नं. ३५०७८०)** कायम गर्ने गरी मिति २०८२/०३/२५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८२/०३/२८

मिति २०७३/०७/१५ गते सम्पन्न वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **जि. एन. सप्लायर्स प्रा. लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **जि. एन. कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा. लि. (प्रा. लि. नं.: १५७१३३)** कायम गर्ने गरी मिति २०७३/०७/२० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**काठ दाउरा बिक्री लिलाम सम्बन्धी २१ दिने सूचना**

प्रथम पटक प्रकाशित २०८२/३/२८ गते

सुर्खेत जिल्लाको पन्चपुरी नगरपालिका वडा ११ मा रहेको यस सामुदायिक वन उपभोक्ता समुहको वन क्षेत्रबाट आ.व.२०७७/२०७८ मा सकंलन भएर उत्पादन भै आपूर्तिलाई छुट्याइएको काठ सालको गोलिया २५ थान २१२.७१ क्यु फिट, आर्थिक वर्ष २०८०/२०८१ मा सङकलन भइ आपूर्तिलाई छुट्याइएको सालको काठ ३३ थान गोलिया २५२.३० क्यु फिट काठ र आर्थिक वर्ष २०८१/२०८२ मा सङकलन भइ बाह्य बिक्री वितरण लागि छुट्यायको सालको काठ १४५ थान गोलिया १४६८.८१ क्यु फिट, सादनको काठ ५ गोलिया १२.६६ क्यु फिट जम्मा गोलिया २०८ थान १९४६.४८ क्यु फिट काठ सामुदायिक वनको घाटगद्दि मा मौज्दात रहेकाले सिलबन्दी बोलपत्रद्वारा लिलाम बढाबढ बिक्रि गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति, संघसंस्था, फर्म वा कम्पनीले यो सूचना पहिलो पटक प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरि २२ औ दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत जानकारीको लागि सूचना यस सा.व.उ.स. को कार्यलयमा सूचना टाँस गरिएको व्यहोरा समेत सुचित गरिन्छ ।

श्री ताउने सामुदायिक वन उपभोक्ता समूह, पन्चपुरी नगर पालिका-११, सुर्खेत

**काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

सूचना प्रकाशन मिति : २०८२/०३/२८ गते

यस श्री गौरीखर्क सा. व. उ. स. वनबाट उत्पादन भई समूहको घाटगद्दीमा राखिएको साल जातको चिरान काठ ए ग्रेड ४८२ थान ४०६.८१ गरि जम्मा ४८२ थान ४०६.८१ क्यु.फि काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । सुचीकृत फर्महरूले मात्र यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले २१ दिन भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आहवान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सा व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स. को सूचना पाटीमा टाँस गरिएको छ ।

श्री गौरीखर्क सा. व. उ. स., बे. न. पा. ३,६ उदयपुर

**काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

सूचना प्रकाशन मिति : २०८२/०३/२८ गते

यस श्री शिखर कोषढुङ्गा सा. व. उ. स. वनबाट उत्पादन भई समूहको घाटगद्दीमा राखिएको साल जातको चिरान काठ ए ग्रेड ४५० थान ४२१.४७ गरि जम्मा ४५० थान ४२१.४७ क्यु.फि काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । सुचीकृत फर्महरूले मात्र यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले २१ दिन भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आहवान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सा व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स. को सूचना पाटीमा टाँस गरिएको छ ।

श्री शिखर कोषढुङ्गा सा. व. उ. स., चौ. न. पा. -०१, उदयपुर

**युएईमा रोजगार**

कम्पनी: TMR TECHNICAL SERVICES LLC
पूर्व स्वीकृत मिति: २०८१/१२/२१ चलानी नं.: ६०२३५६६३ LT. No.: 321521
शहर: UAE
पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,६६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Electrician Assistant | 1 | 0 | | 1200 | ४४,६६४ | | | | | | | |
| 3. | Concrete Masons | 2 | 0 | | 1200 | ४४,६६४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन ३ गते (19 July 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

IMPERIAL OVERSEAS PVT. LTD.
श्रम इजाजत नं. ८१६/०६६/०६७
Sinamangal-9, Kathmandu, Tel.: 01-4485530, Mob.: 9808997575
Email-imperialovs2009@gmail.com, Web. : www.imperialoverseas.com.np

पुस्तक-समीक्षा

# जीवन बाँच्न सिकाउने कविता संग्रह

**सामाजिक, राजनीतिक र धार्मिक विषयमाथि वैचारिक कविता लेख्ने कविको परिचय बनाएका ठाकुर बेलवासे 'चोटहरूको उत्सव'सम्म आउँदा प्रेमको विषयमा पनि वैचारिक बनेका देखिन्छन् । उनले कविता मार्फत प्रेममाथि बहस गरेका छन् । प्रेमको नयाँ दर्शन र मूल्यमान्यताको खोजी गरेका छन्...**



■ युवराज शर्मा

कवि ठाकुर बेलवासेले २०८२ साल वैशाखको दोस्रो साता नयाँ र आफ्नो चौथो कविता कृति 'चोटहरूको उत्सव' लिएर पाठकका माझ आएका छन् । २०५८ सालमा सागरको वरिपरि मनहरूको समारोह कविता कृतिबाट कविता साहित्यमा परिचित बनेका उनले २०६७ मा 'अचानक यो साँझ' र २०६९ मा 'त्रासमा ईश्वर' कविता संग्रह प्रकाशित गरिसक्दा उनी नेपाली कविता साहित्यमा एक स्थापित कवि बन्न पुगे ।

'त्रासमा ईश्वर'का लागि साझा पुरस्कार प्राप्त ठाकुरले राष्ट्रिय पत्रकारिता पुरस्कार, मोती पुरस्कारलगायत पत्रकारिता र साहित्य सेवा गरे बापत दर्जनौं सम्मान र पुरस्कार प्राप्त गरेका छन् । यसले उनको कर्मलाई नेपाली समाज र राज्य समेतले अनुमोदन गरेको देखिन्छ ।

विगत ३ दशकदेखि कविता साहित्यमा समर्पित बेलवासेका यी कविताले पीडाभित्र जीवन खोज्ने गर्छन् भने पीडालाई साहस र शक्तिमा बदल्ने कलासमेत सिकाउँछन् । पत्रकारिता र कविता कर्ममा समानान्तर रूपमा जमेर रमेका बेलवासे वर्तमान पुस्ताका प्रसिद्ध, सशक्त कवि र सञ्चारकर्मी हुन् । पत्रकारिताका कारण धेरै लेखक कविलाई आफ्नो सिर्जनाबाट टाढा बनाएका दृष्टान्तहरू छन् । तर, बेलवासेले दुवै क्षेत्रमा आफूलाई निरन्तर राख्न सफल बनेका छन् ।

अन्य कविता संग्रहमा निकै जटिल बिम्ब र प्रतीक प्रयोग गर्ने कवि बेलवासे 'चोटहरूको उत्सव'सम्म आइसक्दा उनी सरल बिम्बमा खेलेर गहिरो भावमा डुबेका छन् । 'चोटहरूको उत्सव'भित्रका कविताहरूले नारीको शक्ति आराधना गरेका छन् । नारीमाथि यी कविताले उच्च सम्मान प्रकट गरेका छन् । कविको दाबी छ- नारी नभएको भए संसार निकै कमजोर हुन्थ्यो । नारी छन् र संसार सुन्दर छ ।

हर मानवको जीवनमा अनिवार्य अनुभूति हो प्रेम, जब प्रेम विपरीत पथमा हिँड्छ, अनि मन, मस्तिष्कमा उत्पन्न परिणाम र जीवनमा व्यहोर्नं परेका चोटहरूका बारेमा कवितामा गहन भाव आएको छ ।

कवितामा प्रेमको दार्शनिक चिन्तन, प्रेमको समाज सास्त्रीय स्वरूपका साथसाथै प्रेमका मानवीय मान्यताहरू विभिन्न धारबाट आएका छन् । त्यसैगरी प्रेममा गरिने जीवन समर्पण नयाँ शिराबाट कल्पना गरिने आशा, उत्साह र उमङ्ग उच्च प्रकारले देखाइएको छ ।

कविता पढ्दै जाँदा लाग्छ, मानव समाजले आजका दिनसम्म माया प्रेमका नाममा भोगेका पीडा कवितामा छन् । र, त्यति मात्रै पनि होइन, ती पीडाका जगमा मानव सभ्यता कसरी पटक पटक चोट संघर्ष पीडाका बिच लडिबुडी गर्दै यहाँसम्म आएको छ, कवितामा प्रस्ट छ । त्यसैका आधारमा भन्न सकिन्छ, बेलवासेका कविता जीवन बाँच्न सिकाउने कविता हुन् ।

यस कृतिभित्रका कवितामा मानव जीवनमा प्रेमको आवश्यकता र सत्यता मिहिन तवरले बुनिएको छ । दुःख कष्ट र पीडामा बाँच्न सिकाउने प्रेमले जीवनको सम्पूर्ण पक्ष बोकेको छ, भन्ने कविताको महत्वपूर्ण दर्शन हो ।


कवितामा नारी शक्ति भनौं मातृ शक्तिमाथि प्रेमका माध्यमबाट ठूलो सम्मान भाव प्रकट गरिएको छ । यसका आधारमा कवि बेलवासे दैनिक जीवनमा सम्पूर्ण जनहरूमा जुन आदर भाव प्रकट गर्छन्, त्यो कविको वास्तविक हृदय कवितामा आएको छ ।

यस संग्रहमा रहेका अधिकांश कविताहरू सुरुमा राजमार्गमा कुदेजस्तो, मूलबाटो दौडिएजस्तो, निरन्तर बगेजस्तो लाग्छ । अझ भनौं सुन्दर सपना देखेजस्तो लाग्छ । पढ्दै जाँदा कविताको अन्त्यतिर एक्कासि विपरीत खालको परिवर्तन पाइन्छ । खुसीको सुरुआत अन्त्यमा दुःख छ । पाठकहरू प्रत्येक कवितामा नयाँ अनुभूति सहित अगाडि बढ्छन् । अन्त्यमा कवितामा पाठकले आफूले कल्पना गरेको होइन उपन्यासमा हुने समापन पाउँछन् । यो कविको विशिष्ट क्षमता हो भन्न सकिन्छ ।

प्रेमीकालाई दुःखमा बाच्ने आधार तिम्रो व्यवहार भनिएको छ । दुःखलाई सम्झना र दुःखदायीलाई सम्मान कवितामा प्रशस्तै पाइन्छ । संग्रहमा प्रेम र दुःखका बहुरूपी र बहुमुखी कविताहरू छन् । कवितामा संवाद छ । कवितामा कथा पनि छ । बहुसंख्यक कवितामा प्रेमको पीडा छ, तर पनि कवितामा खुसीको उपस्थिति अत्यधिक छ । कवितामा संवाद नौलो प्रयोग लाग्न सक्छ । निकै काव्यात्मक शैलीमा संवादबाट कविता लेखिनु एउटा भिन्न प्रयोग बेलवासेले गरेका छन् ।

कवि बेलवासेले प्रेमी वा प्रेमिकालाई अतुलनीय ठान्छन् । र, संसारका सबै चिज वस्तु र प्राकृतिक गतिविधिभन्दा निकै माथि राख्छन् । 'तिमी अर्थात् तिमी' मा कवि यसरी पोखिएका छन् ।

*'तिमीसँग*
*वसन्तको तुलना हुनै सक्दैन'*




*'चोटहरूको उत्सव'भित्रका कविताहरूले नारीको शक्ति आराधना गरेका छन् । नारीमाथि यी कविताले उच्च सम्मान प्रकट गरेका छन् । कविको दाबी छ- नारी नभएको भए संसार निकै कमजोर हुन्थ्यो । नारी छन् र संसार सुन्दर छ...*

एउटी प्रेमीकामा कति धेरै शक्ति हुन्छ । उनले प्रेमीकामा भएको शक्तिलाई संसारको सबैभन्दा ठूलो शक्ति मानेर सौन्दर्य शक्ति शीर्षकमा यसरी व्यक्त भएका छन् ।

*'गुलाफ रातो बन्न*
*तिमीले चुम्नुपर्छ*
*जून चहकिलो बन्न*
*तिमी हाँस्नुपर्छ' पृष्ठ-२८*

संसारमा मायामात्रै पनि छैन । संसारमा पीडा मात्रै पनि छैन । संसारमा माया प्रेम भएपछि संसारका सब पीडाहरू फिका फिका लाग्छ ।

मायाबाटै सुन्दर संसार बन्छ भन्ने सत्यमा कवि अडिग छन् । उनले मायाका कारण ओझेलमा परेका धेरै धेरै पीडा कवितामा पेस गरेको छन् । उनी एउटा कवितामा यसरी पोखिन्छन् ।

*'म सम्झन्छु*
*मायाको तागत कस्तो हुँदो रहेछ*
*कसरी हार्दा रहेछन् पीडाहरू' पृष्ठ-३६*

अचानक आउने भूकम्पीय परिवर्तनले खुसीलाई दुःखमा परिणत गर्दा कति धेरै पीडाको सगरमाथा बोकेर हिँड्नुपर्छ त्यो पीडकलाई मात्रै थाहा हुन्छ । तर, कविले पीडकको पिडामाथि नुन चुक होइन पीडाको यथार्थता 'चोटहरूमा' शीर्षकबाट यसरी भनेका छन् ।

*'पहिलो नै तिमी हौ*
*मैले आँखा जुधाएर हाँसेको*
*तिमी नै त पहिलो हौ*
*मैले मन मुटुका पत्रपत्र खोलेर बोलेको*
*यति बेला तिमी नै त पहिलो हौ*
*चोटहरूमा असह्य दुखेको !' पृष्ठ-४१*

कविले अत्यन्तै विशाल मनले जति नै धेरै चोट सहे पनि हाम्रो मौलिक परम्परा ' अतिथि देवो भवः'बाट विचलित हुनहुँदैन भनेका छन् । त्यसैगरी प्रेम लेख्य कानुनभन्दा पनि माथि हुनपर्छ भन्ने आशय कवितामा छ ।

प्रेममा भएको अथाह शक्तिमाथि कविता धेरै केन्द्रित छन् । प्रेमबाट मानव जीवन चलाउन र बचाउन सकिन्छ भन्ने विश्वास कवितामा पढ्न सकिन्छ । मनपर्ने मान्छे प्रेमीले जे गरे पनि त्यो न्यायिक लाग्छ । हरेक गतिविधि विशेष र विशिष्ट लाग्छ । प्रेमका नाममा जे हुन्छ, राम्रोकै लागि हुन्छ भन्ने सन्देश कवितामा छन् ।

यी कविताहरू प्रेम भाव, विषय र पृष्ठभूमिबाट सिर्जना गरिएका भए पनि मानव मनका अनेकानेक भावनालाई उत्खनन गरिएको छ । भनौं न कविताले सामाजिक जीवनका हरेक पक्षमाथि गहिरो दृष्टिकोण राखेका छन् ।

विचलित बन्दै गएको मानव समाजले मानवबाटै जोगिनु पर्ने अवस्था सिर्जना भएको दाबी कविको रहेको छ । अर्थात् मान्छेले मान्छेसँगै जोगिनु पर्ने समयको सामना वर्तमान मान्छेले गरेको छ । स्वार्थ केन्द्रित समाजबाट सिकेर होला सायद कविले अर्को एउटा पत्र शीर्षक कवितामा लेखेका छन्

*'मान्छेबाट जोगिनुपर्छ*
*विपत्ति आफैं हार्छन्' पृष्ठ- ८१*

भनिन्छ प्रेम सिला पत्रमा लेखिएको जस्तो युगौंयुग अमर हुन्छ । प्रेममा गरिएका बाचा बन्धन र गतिविधि पनि युगौंयुग जीवित हुन्छन् । ती क्रियाकलापहरू प्रेममा फुल्दै फल्दै गयो भने प्रेम युगौं रच्ने बन्न सक्छ । विगतलाई धिक्कार्ने भन्दा पनि प्रेम गर्नपर्ने सन्देश कवितामा रहेको छ ।

*'कुनै पेसेवर हत्याराजस्तो*
*तिम्रो सम्झनाले*
*न मलाई मार्न सक्यो*
*न जीवित रहन दियो*
*कतै मेरो सम्झनाले पनि*
*तिमीलाई यसै गरी सताएको त छैन ?' पृष्ठ -८९*

सामाजिक, राजनीतिक र धार्मिक विषयमाथि वैचारिक कविता लेख्ने कविको परिचय बनाएका बेलवासेले 'चोटहरूको उत्सव'सम्म आउँदा प्रेमको विषयमा पनि वैचारिक बनेका देखिन्छन् । उनले कविता मार्फत प्रेममाथि बहस गरेका छन् । प्रेमको नयाँ दर्शन र मूल्यमान्यताको खोजी गरेका छन् ।

कृतिमा ११ वर्ष अगाडि लेखिएको वरिष्ठ कवि तुलसी दिवसको मुख्य मन्तव्य रहेको छ । उनले ठाकुर समकालीन नेपाली कवितामा अब्बल कविका रूपमा प्रस्तुत गरेका छन् । यस्तै, अर्का वरिष्ठ कवि दिनेश अधिकारीले ठाकुरको काव्यकलालाई निकै प्रशंसा गरेका छन् । .

ठाकुरले आफ्नो लेखकीय मन्तव्यमा कविताका केही दाबीसहित 'चोटहरूको उत्सव' कविता कृति प्रकाशनको कथा लेखेका छन् । उनले समकालीन कवि छविरमण सिलवालका बारेमा लेखेका कुरा निकै रोचक लाग्छन् । चोटहरूको उत्सवमा प्रेमका जम्मा ३८ कविता छन् । जुन कविता मानवीय जीवनका विविध पाटाहरूमा केन्द्रित छन् । कविता साहित्यमा तीन दशक बिताएका ठाकुरले अब कविता लेख्दिन भन्न पाउँदैनन् । यसकारण ठाकुरको कविता लेखनको कर्मले निरन्तर सगरमाथा चुमिरहोस् शुभकामना ।

---

कविता

## विवेकको व्यापार




सत्यजीत

घाम झुल्किन्छ,
र म सोच्न थाल्छु-
किन सूर्यलाई पनि पानी चढाइन्छ ?
के ऊ रिसाउँछ, यदि उसले त्यो नपायो भने ?
कि हामी डराइरहेका छौं-
कसैले बुनिदिएको मिथकको चस्माभित्र ?
चण्डाल छोईंदैन,
तर सुनको छत्र तिनकै हातले बनेको हुन्छ ।
देवता नाङ्गा छन् मन्दिरमा,
भक्तजन भोकै छन् बाहिर ।
गो-माता पूजा गरिन्छ,
तर विदेशमा मासु बनेर बेचिन्छ ।
श्रद्धा हो यो ?
कि संस्कारको नाममा व्यवस्थित पाखण्ड ?
धर्म- जसले शून्यता सिकाउँथ्यो,
अब बोटबिरुवा र ढुंगामा बन्दी छ ।
बुद्ध- जो पाटीमुनि ध्यान गर्थे,
आज स्वर्ण मन्दिरमा सुनको पिँजडामा छन् ।
ध्यान अब साधना होइन,
सेवा होइन-
प्याकेजमा बिक्ने शान्तिको पसल हो ।
अल्लाह एकै हो,
तर फिरेकाहरू सयौं ।
शरीरको व्याख्यामा
छुरी चल्छ, ज्ञान होइन ।
आजै हत्या गरिन्छ-
भोलि जानाजामाको आउनेछ भनेर ।
क्रसमा झुन्डिएका येशू
अब चर्चको चन्दामा थुनिएका छन् ।
'लव द नाइबर' भन्दाखेरि
मिसाइल टाँगिएको नक्सा देखिन्छ ।
पाप क्षमा-
अब टिकटको मूल्यमा बन्छ ।
फ्रेन्चाइजी चर्च खुल्छ,
'होली वाटर' लेबलसहित ।
म हेर्छु-
चारै धर्ममा एउटै व्यापार छ-
मानव विवेकको ।
र म पुकार्छु-
हे भारी !
कसरी सहन्छौं यति पाखण्ड ?
कहिलेसम्म बोकिने ?
कुन युगमा विसर्जन हुने ?
शिक्षाको सहारा लिनेछौं,
चेतनाको चेतले बिझाउनेछौं-
र फालिदिनेछौ हामी
पुर्खाले चढाएको
यो पाखण्डको पुरानो भारी ।

---

कथा

# कोतरायाको घण्टाघर



■ विश्वास तिमिल्सीना

*कोतरायामा तन्नेरीहरूको भिडभाड नै छ । कोही लगेज घिसार्दै छन्, कोही गफिँदै छन्, कोही हल्लिँदै हिँडेका छन्, मानौं बाटो सबै तिनीहरूकै हो । घण्टाघरको सुई पनि आफ्नै तालमा चलिरहेको छ । त्यस्तै चलिरहेका छन् तन्नेरीहरू । न तन्नेरीहरूलाई घण्टाघरको सुईको तालको प्रवाह छ, न त कोतरायाको घण्टाघरलाई तन्नेरीहरूकै... ।*

'कुटुमा कुटु सुपारी दाना कुटुमा कुटु...' एकाबिहानै चर्को लाउड स्पिकरमा नेपाली गीतले मेरो निन्द्रा भताभुङ्ग बनाएपछि सिरानीमा रहेको मोबाइल हेर्दा बिहानको ८ बजेको संकेत गर्छ । कोठा नं. १९, एभरेस्ट गेस्ट हाउसको झ्यालको पर्दा हटाउँदै यसो बाहिर चियाउँदा सेतो घामको उज्यालोले सामुन्नेको घण्टाघर र घण्टाघरको छेउमै रहेको आईएमईको, पहेँलो रंगले लिपेको कार्यालय प्रस्ट देखिन्छ । केही मानिसहरूको चहलपहल र आईएमईको ढोका अगाडी राखेको सानो स्पिकरबाट उही गीत बजिरहेको हुन्छ, 'कुटुमा कुटु सुपारी दाना कुटुमा कुटु...।'

आज आइतबार, घण्टाघरको अगाडीको बडेमानको एचएसविसी बैंकको शाखा कार्यालयको भवन, घण्टाघरको दायाँ-बायाँ थुप्रै नेपाली पसलहरू, पसलको सामुन्ने झुन्ड झुन्ड भएर बसेका नेपाली तन्नेरीहरू, हातमा पर्चा बोकेर बसेकाहरू झुन्ड तर्फ पर्चा बाँड्दै बोलाइरहेका छन् । अन्य दिनभन्दा आज कोतरायामा तन्नेरीहरूको चहलपहल ज्यादा देख्दा परदेशको ठाउँ हो जस्तै लाग्दै लाग्दैन । प्लास्टिकले बनेको निलो रङको २ वटा नोट दिएपछि सधैं गाडीमा कफी बेच्न आउने कालेले कागजको कपमा एक कप कफी दियो । घण्टाघर अगाडीको ठूलो रूखको फेदमा रहेको काठको मेचमा बसेर तातो कफीको सुर्की लिँदै, कहिले थोरै परबाट बगिरहेको कलाङग नदी त कहिले गफिँदै हिँडेका तन्नेरीहरूलाई देख्दा परदेशको ठाउँ जस्तो लाग्दै लाग्दैन । आईएमई छिरेका केही जवानहरूलाई हेर्दै, कफीको अन्तिम चुस्की लिँदा लाग्यो कोतराया जवान हुँदै थियो भने त्यही स्पिकरबाट अर्को गीत बज्दै थियो - सालको पात टपरी हुने नहुने सल्लैको...।

मलेसियामा ठुला-ठुला गगन चुम्बी भवन, फराकिलो चिल्ला चिल्ला गाडी कुद्ने सडक, सुपर मार्केट, के के हो के के... । पैसा हुनेले सपनासम्म किन्न पाउने देश, फगत नेपालीको लागि भने बाध्यता, विवशता र दुःखको खाल्डो, छिर्न सजिलो निस्कन मुस्किल । नेपाली कामदारहरूको प्रमुख श्रम गन्तव्य मलेसियामा बर्सेनि लाखौं नेपालीहरू विभिन्न किसिमका कामदारका रूपमा छिर्ने गर्दछन् । अरबौं डलर वार्षिक रेमिटेन्स पठाई रहेको श्रम गन्तव्य मलेसियाको अर्को निकै भयावह पाटो हो, बर्सेनि बाँडिरहेको नेपालीहरूको मृत्युदर । वार्षिक औसत ३५० जना नेपाली युवाहरूले विभिन्न कारणबाट ज्यान गुमाइरहेका छन् ।

धेरै नेपालीहरू कामदारहरू नेपालीबाटै पनि ठगिने गरेका छन् । अवैध मानिएका विभिन्न किसिमका कार्यहरूमा समेत नेपाली कामदारहरूको संलग्नता रहेको पाइएको छ, हुन्डी, नक्कली सामान तथा रक्सीको व्यापार, लागु पदार्थ ओसारपसार, लुटपाट तथा झैझगडा, चोरी आदी । अन्य देशको कामदारको तुलनामा नेपाली कामदारहरूको परर्फरमेन्स उच्च तथा प्रायः नेपाली कामदारहरू बलिया तथा इमानदार हुने कारणले गर्दा रोजगारदाताहरूको रोजाइमा समेत पर्ने गरेका छन् ।

कलाङग नदिको बिचमा रहेको मस्जिद जामेकबाट आएको प्राथनाले सोचिरहेका बेला झसङ्ग भएँ । घण्टाघरको घडीले बिहानको ११ बजाई सकेको रहेछ । मेरो पनि आज फुर्सदको दिन खाना खाने भनेर लागेँ सधैं खाना खाने रेस्टुरेन्ट तिर । आईएमई तथा पसलहरूमा चहलपहल बाक्लै थियो । छुट्टीको दिन भएकोले होला प्रायः सबै टेबल भरिभराउनै थिए । तन्नेरी र कुनै टेबलमा तरुनीहरू पनि । मःम प्राय सबैको टेबलमा । सँगै, कोही मासु भात खाँदै थिए त कोही सुकुटीसँग तिन पाने अनि तिन पानेसँगै निस्केका रमाइला गफहरू । अर्को टेबलको तरुनीलाई हेर्दै तिन पाने स्ववाट पारी मुख मिठाउने पनि देखिए ।

"भाइ बस्नुस् न, आज त चिया खान पनि आउनु भएन", होटेलका साहुजीले हाँस्दै सोधे । हेर्नू न आज कस्टमरहरू धेरै भएकाले एक छिन फुर्सद भएन । किचनदेखि टेबलसम्म हेर्न परेको छ । चिया खाने कि खाना नै खाने ? खादा खानाको अर्डर लिएर किचन तिर लागे साहुजी ।

"यार कति बस्ने यो मलेसियामा ६ साल भएछ, आएर घर नगएको । पैसा पनि खासै कमाइएन । एम्बेसीबाट जान मिल्छ रे अर्को महिना जाने सोचमा छ । गाउँमा नै केही गर्न पर्ला यार, पुग्यो विदेश पनि...", एक पेगसँगै एउटा तन्नेरी बोल्यो ।

"सँगै आएका साथीहरू कता-कता पुगे, एउटा त आँखै अगाडी डेंगुले मऱ्यो पनि यार, भो जसरी नि जान्छु यसपालि । साहुजी एउटा अर्को दिनु त ...।"

"भाइ खाना", टेबलमा खाना राख्दै सामुन्ने भएर बसे साहुजी । "धेरै नपिउनु है भाइहरू भोली डियूटी गर्न गाह्रो होला फेरि", तन्नेरी लाई इसारा गर्दै चिच्याए साहु । चिसो हात रुमालले पुछ्दै टेबलमा के बसेको थिएँ दुई जना साथीले सहारा दिँदै एउटालाई समातेर निस्किए तन्नेरीहरू । "बिस्तारै जानु, फेरि फेरि पनि आउनु है भाइहरू ।" "हस" भन्दै छाया परे तन्नेरीहरू ।

"नेपालीले खान जान्दैनन्, रुम पनि पुग्छन् कि पुग्दैनन् ?" साहुजी मनमनै बोले । दिउँसोको दुई बजे उखरमौलौ गर्मी रहेछ बाहिर । सायद चाडै पानी पर्छ होला । कोतरायामा तन्नेरीहरूको भिडभाड नै छ । कोही लगेज घिसार्दै छन्, कोही गफिँदै छन्, कोही हल्लिँदै हिँडेका छन्, मानौं बाटो सबै तिनीहरूकै हो । पर्स, बेल्ट, अत्तर, पानी बेच्नेहरू तन्नेरीको पछि पछि छन् । घण्टाघरको सुई आफ्नै तालमा चलिरहेको छ । त्यस्तै चलिरहेका छन् तन्नेरीहरू । न तन्नेरीहरूलाई घण्टाघरको सुईको तालको प्रवाह छ, न त कोतरायाको घण्टाघरलाई तन्नेरीहरूकै...।

# स्वास्थ्य मन्त्रालयले नेपाल औषधि लिमिटेडसँग औषधि किन्ने

**काठमाडौं/मस–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नेपाल औषधि लिमिटेडले उत्पादन गर्ने औषधिहरू जिटुजी माध्यमबाट खरिद गर्नेगरी सम्झौता गर्ने तयारी गरेको छ ।

शुक्रबार सिंहदरबारमा बसेको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको बैठकमा यसबारे जानकारी गराइएको हो ।

असार १८ गते गरेको नेपाल औषधि लिमिटेड र त्रिभुवन विश्वविद्यालय कीर्तिपुरस्थित छात्रावासको मेसको स्थलगत अनुगमनका सम्बन्धमा शुक्रबार समितिको बैठकमा छलफल भएको हो ।



छलफलका क्रममा बोल्दै स्वास्थ्य मन्त्रालयअन्तर्गतको नीति तथा योजना अनुगमन महाशाखा प्रमुख डा. कृष्ण पौडेलले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय नेपाल औषधि लिमिटेडसँग त्यहाँ बन्ने औषधिहरू जिटुजी मोडलमा खरिद गर्नेगरी एमओयू गर्ने तयारीमा रहेको बताए ।

उनले औषधि बनाउने ठाउँमै गुणस्तर नभए स्वस्थपरक औषधि दिन नसकिने बताए। अनुगमन नभएका कारणले पनि गुणस्तरमा सुधार आउन नसकेको अवस्थाहरू रहेको जिकिर गरे ।

उनले भने, 'स्वास्थ्य तथा जनसंख्या मन्त्रालय नेपाल औषधि लिमिटेडसँग त्यहाँ बन्ने औषधिहरू जिटुजी मोडलमा खरिद गर्नेगरी एमओयु गर्ने तयारीमा पनि रहेको छ । त्यहाँ गुणस्तर भइदिएन भने हामी नेपालीहरूले कसरी स्वस्थपरक दिनसक्छौं । जीवनजलमा इस्यु हुनसक्छ । बन्ने ठाउँमा नै गुणस्तरीय भएन भने समस्या आउँछ ।'

खाद्य गुणस्तर निरीक्षक ईश्वर सुवेदीले खाद्यमा सम्झौता गर्न नहुने बताए। उनले भान्सामा सम्झौता गर्दा अस्वस्थताका साथै दीर्घकालीन असर पर्ने भएकाले त्रिभुवन विश्वविद्यालय, किर्तिपुर स्थित छात्राबासको मेसमा विशेष ध्यान दिन जरुरी रहेको बताए ।

उनले भने, 'किचनमा हुने फयासालिटीमा कम्परमाइज हुनु हुँदैन, यो विश्वविद्यालयले गर्नैपर्छ। अवस्था दर्दनाक छ । प्रत्येक विद्यार्थीले प्रतिहप्ता ६५० देखि ७५० रुपैयाँ खर्च गरेर बेलुका खाना खाने कुरा आएको छ । त्यसो हो भने कस्तो खाद्यवस्तु विद्यार्थीले प्रयोग गरिरहेका छन्, हामी सबैमा प्रश्न चिन्ह छ। यसलाई कसरी हुन्छ, समाधान गर्नुपर्छ ।'


त्रिभुवन विश्वविद्यालयको छात्रावासमा बस्ने विद्यार्थीले प्रतिहप्ता ६५० देखि ७५० को खाना खाने गरेको पाइएको भन्दै हप्तामा खाने ७५० सम्मको खानाको कस्तो गुणस्तरको छ भन्ने प्रश्न उठेको बताए ।

समितिले असार १८ गते गरेको नेपाल औषधि लिमिटेड र त्रिभुवन विश्वविद्यालय कीर्तिपुर स्थित छात्रावासको मेसको स्थलगत अनुगमन गरेको थियो । विज्ञहरूलाई बोलाएर त्यसबारे समीक्षा गर्दै सुझाव लिएको हो ।

# ईशनाथ नगरको शिक्षा प्रणालीमा सुधारको खाँचो, झाको नेतृत्वमा नयाँ आशा

**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, २७ असार

ईशनाथ नगरपालिकामा हालै सार्वजनिक एसईईको परीक्षाफल अत्यन्तै कमजोर आउनु शिक्षा प्रणालीप्रतिनै गम्भीर चिन्ताको विषय बनेको छ । आर्थिक वर्ष २०८१/८२ को नतिजाले नगरपालिकाको विद्यालय शिक्षामा संरचनात्मक कमजोरी र शिक्षक व्यवस्थापनमा सुधारको खाँचो देखाएको छ ।




नगरभित्रका विद्यालयको शिक्षालाई राजनीतिक नाराको विषय मात्र नबनाई, व्यवहारिक सुधारको एजेन्डा बनाउनुपर्ने माग सर्वत्र उठ्न थालेको छ । यसै सन्दर्भमा, शिक्षा क्षेत्रमा सुधार ल्याउने स्पष्ट योजनासहित अञ्जु झा अगाडि आएकी छन् ।

मेयरको जिम्मेवारी सम्हाल्ने अवसर पाएको खण्डमा सम्पूर्ण शिक्षा प्रणालीमा सुधार गर्ने, शिक्षक व्यवस्थापनलाई प्रभावकारी बनाउने र आधुनिक शिक्षामा केन्द्रित नीति लागू गर्ने योजना प्रस्तुत गरेकी छन् ।

'अब शिक्षालाई प्राथमिकतामा राख्ने नेतृत्व आवश्यक छ, जसले नयाँ पुस्ताको आवश्यकता बुझ्छ,' झाले भनिन् ।

स्थानीय नागरिकहरूले यस वर्षको कमजोर परीक्षाफललाई 'कालो वर्ष' को रूपमा लिनुपर्ने र त्यसविरुद्ध व्यापक जनचेतना अभियान चलाउनुपर्ने विचार राखेका छन् । उनीहरूले शिक्षाको गुणस्तर सुधार्न सामूहिक छलफल र नीति निर्माणमा स्थानीय तहको सक्रियता आवश्यक रहेको बताएका छन् । झा जस्ता सक्षम र शिक्षित नेतृत्वको समर्थनमार्फत ईशनाथ नगरपालिकाको शिक्षा क्षेत्रमा सुधार ल्याउन सकिने स्थानीयबासीको विश्वास रहेको छ ।

# अर्घाखाँची पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २७ असार

अर्घाखाँची जिल्लालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना जिल्ला घोषणा गरिएको छ । शुक्रबार आयोजित विशेष समारोहमा लुम्बिनी प्रदेशका स्वास्थ्य मन्त्री खेमबहादुर शारुले अर्घाखाँचीलाई पूर्ण खोप सुनिश्चितता जिल्ला घोषणा गरे ।

स्वास्थ्य मन्त्रालयको राष्ट्रिय खोप कार्यक्रमअनुसार जन्मेदेखि ५९ महिनासम्मका बालबालिकाहरूलाई आवश्यक १३ प्रकारका खोपहरूको सम्पूर्ण मात्रा दिइएको पुष्टि भएपछि जिल्लाभरिका ६ वटै पालिकालाई पूर्ण खोपको दिगोपनासहित घोषणा गरिएको हो ।



घोषणा कार्यक्रममा बोल्दै मन्त्री शारुले कुनै पनि बालबालिका खोप पाउने अधिकारबाट बञ्चित हुनु हुँदैन भन्दै स्वस्थ नागरिक नै नेपालको सम्पत्ति हुन् भन्ने धारणा व्यक्त गरे । उनले नेपाल सरकारको खोप अभियानपछि बाल मृत्युदरमा ७५ प्रतिशतले कमी आएको उल्लेख गरे ।

स्वास्थ्य कार्यालय अर्घाखाँचीका प्रमुख कृष्णप्रसाद पोखेलका अनुसार जिल्लाका बालबालिकाले पोलियो, दादुरा, हेपाटाइटिस, जापानी इन्सेफ्लाइटिस, रुबेला, झाडापखाला, टाइफाइडलगायतका रोगविरुद्धको खोप पूर्ण रूपमा पाएका छन् । प्रत्येक वर्ष चैतमा 'घरभेट सर्वेक्षण' गरी खोप छुटेका बालबालिकालाई वैशाखमा खोप दिने कार्यक्रमसञ्चालन गरिन्छ ।

घोषणा कार्यक्रममा जिल्ला समन्वय प्रमुख जीवनारायण कोईरालाले कार्यक्रमको अध्यक्षता गरेका थिए । कार्यक्रममा प्रदेश सांसद रामजीप्रसाद घिमिरेले जिल्लालाई पूर्ण खोप सुनिश्चित बनाउन योगदान पुऱ्याउने सबैलाई धन्यवाद तथा शुभकामना व्यक्त गरे ।

सन्धिखर्क नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठले जिल्ला अस्पताललाई सुविधा सम्पन्न बनाउनेतर्फ प्रदेश सरकारको ध्यानाकर्षण गराए ।

कार्यक्रमको सञ्चालन बसन्त श्रेष्ठ र स्वागत मन्तव्य स्वास्थ्य कार्यालय प्रमुख कृष्णप्रसाद पोखेलले राखेका थिए ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी गोपाल अर्याल, प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्ल, जिल्ला अस्पताल प्रमुख डा. जगन्नाथ तिवारी, साथै विभिन्न पालिका प्रमुख, उपप्रमुख, राजनीतिक दलका नेता, कार्यालय प्रमुख र स्वास्थ्यकर्मीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

# दिङ्लामा बन्यो नगर अस्पताल

**भोजपुर/मस–** उत्तर क्षेत्रमा रहेको षडानन्द नगरपालिकाको केन्द्र दिङ्लामा नगर अस्पताल सञ्चालनमा आएको छ । 'स्वास्थ्य नागरिक, जिम्मेवार पालिका' भन्ने नारालाई आत्मसात् गर्दै शुक्रबार कार्यक्रमका बीच अस्पतालको औपचारिक शुभारम्भ गरिएको हो ।




त्यस अवसरमा नगरप्रमुख सुरेन्द्रकुमार उदासले अस्पताल सञ्चालनले स्थानीय नागरिकले घरछेउमै स्वास्थ्य सेवा प्राप्त गर्ने बताए । उनले भने, 'पालिकावासीसहित छिमेकी पालिकाका नागरिकको स्वास्थ्य सेवालाई पनि प्रभावकारी बनाउन नगर अस्पताल सञ्चालनमा ल्याएका हौं । अब अस्पताललाई व्यवस्थित र दिगो रूपमा सञ्चालन हुने वातावरणका बनाउन सबै लाग्न आवश्यक छ ।'

भारतीय राजदूतावासको सहयोगमा निर्माण गरिएको महात्मा गान्धी अस्पताल भवनबाट नगर अस्पताल सञ्चालनमा आएको हो । नगरपालिकाको वडा नं ७ मा स्थापना भएको अस्पतालले ससाना स्वास्थ्य सेवा लिन अन्यत्र जानुपर्ने बाध्यताको अन्त्य भएको छ। यसअघि ससाना स्वास्थ्य समस्याका लागि पनि यहाँ नागरिकले छिमेकी जिल्ला सङखुवासभा, धरान, विराटनगर जस्ता सहरमा जानुपर्ने बाध्यता रहेको थियो ।

नगर उपप्रमुख प्रमिला राईले आँखा उपचार सेवा सञ्चालन हुँदै आएकामा अब छिट्टै दन्त उपचार सेवा विस्तार गरिने बताइन् । स्वास्थ्य क्षेत्रलाई प्राथमिकता दिँदै नगरपालिकाले आवश्यक जनशक्ति र उपकरण थप गर्दै लाने योजना बनाएको पनि उनले जानकारी गराइन् ।

स्थानीयवासी पनि सञ्चालित अस्पतालले नगरमै गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नेमा आशावादी देखिएका छन् ।

# धनगढीमाईमा खानेपानीको हाहाकार



**सिरहा/मस–** सिरहाको धनगढीमाई नगरपालिका-१३ भरनैनी बस्तीका करिब १५० घर परिवारले खानपानीको चरम अभाव भएको छ। तीन वटै तहका सरकारको उपस्थितिपछि पनि पानीको समस्याले दीर्घकालीन समाधानको बाटो पाउन सकेको छैन ।

वर्षौंदेखि जनप्रतिनिधिका चुनावी आश्वासनमा अल्झिएका बासिन्दा एक जार पानीका लागि घण्टौं लाइन बस्न बाध्य छन् । केही समयअघि नगरपालिकाले २ वटा ठूला बोरिङ जडान गरिएको भए पनि पानीको मात्रा अत्यन्त न्यून भएपछि समस्या जस्ताको त्यस्तै छ ।

स्थानीयहरू बिहानदेखि बेलुकासम्म पानीको जोहो गर्न संघर्षरत छन्। स्थानीय लक्ष्मीनियाँ देवी राम भन्छिन्, 'घाममा घण्टौं लाइन बस्नुपर्छ, दुई-तीन घण्टापछि बल्ल पालो आउँछ । एक जार पानीबाट खान पकाउने, कपडा धुने र गाईबस्तुलाई खुवाउने सबै काम गर्नुपर्छ, कतिपय त खाली हातै फर्किनुपर्छ ।'

त्यसैगरी, गहनी देवीराम र रधिया रामको गुनासो अझै गहिरो छ । उनीहरुको भनाइ छ, 'बिहानदेखि बेलुकासम्म पानीकै चिन्तामा बित्छ। एक बाल्टिन पानी भर्न घण्टौं लाइन बस्नुपर्छ। नेताहरू चुनाव आउँदा बोरिङ दिन्छु भन्छन्, तर जितेपछि फर्केर कोही हेर्दैनन् ।'

धनगढीमाई-१३ का वडाध्यक्ष सूर्यमान तामाङले खानेपानी ट्याङ्की निर्माण भइसकेको र अहिले पाइपलाइन विस्तारको काम बाँकी रहेको जनाए । उनले भने, 'स्थायी समाधानका लागि तयारी भइरहेको छ, चाँडै समाधान गर्छौं ।'

यस्तो पीडादायी पृष्ठभूमिमा केही दिनअघि संघीय खानेपानीमन्त्री प्रदीपकुमार यादवले वडामा 'डाबर खानेपानी योजना' उद्घाटन गरेका थिए । उद्घाटन समारोहले केही आशा दिलाए पनि बासिन्दाले अझै पानीको धारामा सुक्खा नै महसुस गरिरहेका छन् ।

धनगढीमाईका नगरप्रमुख शिवशङ्कर महतोले भने, 'हामी बस्तीको समस्याप्रति पूर्ण जानकार छौं। नगरपालिकाले ट्याङ्की निर्माण गरिसकेको छ र अब पाइपलाइन विस्तार तथा पानीको स्रोत सुदृढीकरणमा जोड दिइरहेका छौं ।'

# पुनर्निर्माणपछि साढे २ लाखले चढे धरहरा



**काठमाडौं/मस–** २०७२ सालको भूकम्पले पूर्ण रूपमा क्षति पुऱ्याएपछि पुनः निर्माण भएर सञ्चालनमा ल्याएको धरहराबाट ४ करोड ८३ लाखभन्दा बढी राजस्व संकलन गरिएको छ ।

गत मङ्सिर ९ गतेदेखि शुल्कसहित सञ्चालनमा आएको धरहराबाट असार २४ गतेसम्ममा ४ करोड ८३ लाख ६५ हजार ५ सय राजस्व संकलन भएको अन्तरिम धरहरा सञ्चालन तथा व्यवस्थापन एकाइ सुन्धाराका प्रमुख महेश राईले जानकारी दिए ।

उनका अनुसार यस अवधिमा २ लाख ६२ हजार ५५५ जनाले धरहराको अवलोकन गरेका छन्। जसमा १ हजार ५४९ जना विदेशी अवलोकनकर्ता छन्। साताको बुधबार बन्द हुनेबाहेक अन्य दिन दैनिक करिब १ हजार २ सयले धरहरा चढ्ने गरेका छन् ।

'बिहान १०:३० बजेदेखि साँझ ५ बजेसम्म धरहरा चढ्ने व्यवस्था गरिएको छ । छोटो समयमा नागरिकको उल्लेख्य उपस्थिति देखियो । समय अभावका कारण यहाँ आएका सबैलाई टिकटको व्यवस्था गरी धरहरा अवलोकनको व्यवस्था गर्न सकिएको छैन,' व्यवस्थापन एकाइ प्रमुख राईले भने, 'बिहानदेखि साँझसम्म धरहरा चढ्ने व्यवस्था गर्नसक्ने हो भने दैनिक १ हजार ५ सयभन्दा बढीले धरहरा चढ्ने अनुमान छ ।'

धरहरा चढ्न प्रतिव्यक्ति २ सय रुपैयाँ शुल्क तोकिएको छ । विद्यार्थी, ज्येष्ठ नागरिक, बालबालिका अपाङ्गता भएका व्यक्तिहरूले ५० प्रतिशत छुटमा धरहरा चढ्न पाउने व्यवस्था छ । सार्क राष्ट्रबाट आउने पर्यटकलाई प्रतिव्यक्ति ५ सय र सार्कबाहेक राष्ट्रबाट आउने पर्यटकका लागि प्रतिव्यक्ति १ हजार शुल्क तोकिएको छ ।

विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापन विकास समिति (गठन) आदेश, २०८१ बमोजिम शुल्क लिई गत मङ्सिर ९ देखि धरहरा सञ्चालनमा आएको हो । त्यसअघि मङ्सिर ६ गते बसेको मन्त्रिपरिषद् बैठकले धरहरा चढ्ने शुल्क स्वीकृत गरेको थियो ।

# नवलपरासी कांग्रेसले गऱ्यो केन्द्रीय सदस्य कँडेललाई कारबाही

**परासी/मस–** नेपाली कांग्रेस लुम्बिनी प्रदेशका महामन्त्री विक्रम खनाल कारबाहीमा परेपछि पश्चिम नवलपरासी कांग्रेसमा भाँडभैलो मच्चिएको छ ।



पश्चिम नवलपरासी निर्वाचन क्षेत्र नम्बर १ का सांसद विनोद चौधरीलाई चुनावमा असहयोग गरेको आरोपमा चौधरीकै उजुरीका आधारमा खनाललाई केन्द्रीय अनुशासन समितिले कारबाही गरेको हो । केन्द्रीय सदस्य देवेन्द्रराज कँडेलले पनि प्रतिशोध राखेर कारबाहीमा सहयोग गरेको भन्दै खनाल पक्षका नेता कार्यकर्ताले कारबाही तत्काल फुकुवा गर्न माग गरेका छन् । चौधरी र कँडेल पक्षधरका कार्यकर्ता र नेताले भने कारबाही स्वाभाविक भएको भन्दै सामाजिक सञ्जालमा पोष्ट गर्दै आइरहेका छन् ।

असार २५ गते प्रदेश महामन्त्री खनाललाई अनुशासन समितिले कारबाही गरेपछि नेपाली कांग्रेस जिल्ला कार्यसमितिले केन्द्रीय सदस्य देवेन्द्रराज कँडेललाई आगामी पाँच वर्षका लागि जिल्लाबाट कारबाही गरेर केन्द्रमा पत्र पठाउने निर्णय गरेको छ ।

एक पक्षको कारबाहीविरुद्ध अर्को पक्ष पनि कारबाहीमा उत्रिएपछि जिल्लामा कांग्रेस कार्यकर्ताबीच निराशा र नेताहरू एकअर्काको पक्षमा खरो रूपमा उत्रन थालेका छन् ।

प्रदेश महामन्त्री खनालले कारबाही हुने सूचना पाउनुअगाडि र कारबाही भएपछि दुई पटकसम्म पत्रकार सम्मेलन गरेर आफूविरुद्ध षड्यन्त्र गरेको र पार्टी हुकुमी शैली र पैसावालाको पक्षमा लागेको आरोप लगाएका छन् ।

बिहीबार बर्दघाटमा भएको उनको पत्रकार सम्मेलनपछि जिल्ला कार्यसमितिका कार्यवाहक सभापति विक्रम यादवको अध्यक्षतामा बैठक बसेको थियो । केन्द्रीय सदस्य कँडेललाई ५ वर्षका लागि निष्कासन गरिएको जिल्ला कार्यसमितिका प्रवक्ता राधेश्याम पाठकले बताए ।

केन्द्रीय समिति बैठकमा सांसद चौधरी र शेखर कोइरालाबीच यही कारबाहीको विषयमा पनि सवालजवाफ भएको थियो । खनाल कोइराला र चौधरी, कँडेल देउवा निकट मानिन्छन् ।

कांग्रेस केन्द्रीय सदस्य कँडेलले चुनावको समयमा गरेको असहयोग र घातको अडियो, भिडियो प्रमाणसहित अनुशासन समितिमा उजुरी परेपछि कारबाही भएकाले यसलाई स्वाभाविक मान्नुपर्ने बताए । 'खनालविरुद्ध प्रमाण सहित उजुरी परेपछि केन्द्रले कारबाही गरेको हो,' कँडेलले भने, 'अहिले सुन्दै छु, मलाई जिल्लाले कारबाही गरेको छ भनेर । यस्तो हास्यास्पद कुरो कहीँ हुन्छ । गल्ती गर्ने सिपाहीलाई एसपीले कारबाही गऱ्यो भने सिपाहीले एसपीलाई मैले पनि कारवाही गरैं भन्न मिल्छ । अनुशासनबाहिर जाने सबैलाई कारवाही हुन्छ ।'

कारबाही तत्काल फुकुवा हुनुपर्ने मागसहित शुक्रबार खनाल पक्षका नेता कार्यकर्ताले सदरमुकाम परासीमा विरोध जुलुस निकालेका छन् ।

जिल्लामा विक्रम खनाल र देवेन्द्रराज कँडेल समूह सक्रिय छ । एक पक्षले अर्को पक्षका उम्मेदवारलाई स्थानीय, प्रदेश र केन्द्रीय चुनावमा हराउन भूमिका खेलेको भन्दै दुवै पक्षले केन्द्रमा उजुरी दिए पनि शेखर कोइराला पक्षका नेता कार्यकर्तालाई मात्र गरिएको कारबाही प्रतिशोधपूर्ण रहेको भन्दै समूहका नेता कार्यकर्ताले असन्तुष्टि राख्दै आएका छन् ।

# ठमेलमा 'पर्यटन सूचना केन्द्र' स्थापना

**काठमाडौं/मस–**संघीय राजधानीको प्रमुख पर्यटकीय गन्तव्य ठमेलमा 'पर्यटन सूचना केन्द्र' स्थापना गरिएको छ । बागमती प्रदेशको संस्कृति तथा पर्यटन मन्त्रालयले काठमाडौं महानगरपालिका-२६ को सहयोग र ठमेल पर्यटन विकास परिषद्को सहकार्यमा 'पर्यटन सूचना केन्द्र' स्थापना गरेको हो ।

केन्द्रको शुक्रबार बागमती प्रदेशका संस्कृति तथा पर्यटनमन्त्री बिमल ठकुरीले शुभारम्भ गरे ।

बागमती प्रदेश संस्कृति तथा पर्यटन मन्त्रालयका सचिव दीपेन्द्र सुवेदीले प्रदेश सरकारले प्रदेशभित्रका सबै जिल्लाको पर्यटकीय गन्तव्यलाई समेटेर 'ट्राभल बुक' प्रकाशन गर्न लागेको जानकारी दिए । उनले पर्यटन सूचना केन्द्रलाई प्रविधिसँग जोडेर अगाडि बढ्न प्रदेश सरकार लागिरहेको उल्लेख गरे । सूचना केन्द्रबाट पर्यटकलाई नेपालको पदमार्ग, यातायात, होटल, स्थानीय कला संस्कृतिलगायतका बारेमा जानकारी प्रदान गरिने बागमती प्रदेश पर्यटन मन्त्रालयका पर्यटन महाशाखा प्रमुख पवनकुमार पोखरेलले जानकारी दिए । ठमेल पर्यटन विकास परिषद्का उपाध्यक्ष सहदेव (बिमल) धमलाले अन्तर्राष्ट्रियस्तरमा नेपालको पहिचान चिनाउने ठमेललाई व्यवस्थित गर्न परिषद्ले काम गरिरहेको बताए ।

मौद्रिक नीति

# १२ प्रतिशत कर्जा प्रवाह वृद्धि गरिने
# विदेश जानेले तीन हजार डलर साट्न पाउने

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ असार ।

गभर्नर डा विश्वनाथ पौडेलले आगामी आर्थिक वर्षमा निजी क्षेत्रमा जाने कर्जा प्रवाहको वृद्धि १२ प्रतिशत पुऱ्याउने मौद्रिक नीतिमा उल्लेख गरेका छन्। राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत् मुद्रा प्रदायको वृद्धि १३ प्रतिशत हुने लक्ष्य राष्ट्र बैंकले लिएको छ।

ब्याजदर करिडोरको माथिल्लो सीमाका रूपमा रहेको बैंकदरलाई ६ दशमलव पाँच प्रतिशतबाट घटाइ ६ प्रतिशत र ब्याजदर करिडोरको तल्लो सीमाका रुपमा रहेको निक्षेप संकलन दरलाई तीन प्रतिशतबाट घटाइ दुई दशमलव ७५ प्रतिशत निर्धारण गरिएको छ। नीतिगत दरलाई पाँच प्रतिशतबाट घटाइ साढे चार प्रतिशत कायम गरिएको छ।

वित्तीय स्थायित्व कायम गर्दै कर्जाको पहुँच र गुणस्तर अभिवृद्धि तथा कर्जा अधिकेन्द्रीकरण कम गर्न मौद्रिक उपाय र विवेकशील नियमनलगायत नियामकीय व्यवस्थामा तादात्म्यता कायम गरिएको गभर्नर पौडेलले बताएका छन्।

त्यस्तै, खुला बजार कारोबार एवम् ब्याजदर करिडोरलाई थप सुदृढ बनाई मौद्रिक प्रसार संयन्त्रलाई प्रभावकारी बनाइने नीति राष्ट्र बैंकले लिएको छ। आगामी आर्थिक वर्ष २०८२/८३ मा पाँच प्रतिशतको वाञ्छित सीमाभित्रको मुद्रास्फीति र कम्तीमा सात महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त विदेशी विनिमय सञ्चिति कायम गर्दै सरकारको बजेट वक्तव्यमा उल्लेख भएबमोजिम ६ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्न मौद्रिक तरलता र विदेशी विनिमय व्यवस्थापन गरिने मौद्रिक नीतिमा उल्लेख छ।

यसैगरी, वित्तीय प्रणालीमा देखिएका विद्यमान अवसर र चुनौतीको सम्बोधन गर्दै वित्तीय प्रणालीको दिगो विकास र विस्तारका लागि दोस्रो वित्तीय क्षेत्र रणनीति नेपाल सरकारबाट स्वीकृत भएपश्चात् कार्यान्वयनमा ल्याइने मौद्रिक नीतिमा उल्लेख छ। निजी आवासीय घर निर्माण र खरिद गर्न प्रवाह गर्ने कर्जाको सीमा दुई करोडबाट बढाई तीन करोड कायम गरिनेछ। पहिलो घर निर्माण र खरिद गर्दा यस्तो कर्जा प्रवाहका लागि कर्जा मूल्य अनुपात बढीमा ८० प्रतिशतसम्म र अन्यको हकमा बढीमा ७० प्रतिशतसम्म कायम गर्न सक्ने व्यवस्था गरिएको छ।



चालु पुँजी कर्जासम्बन्धी मार्गदर्शनलाई कृषि, साना तथा घरेलु उद्योग, शिक्षा, स्वास्थ्य, खेलकुद, सञ्चार र मिडिया हाउस लगायतको व्यवसायको प्रकृति र कर्जा भुक्तानी-आम्दानी चक्रको आधारमा आवश्यकतानुसार परिमार्जन गरिने पनि मौद्रिक नीतिमा उल्लेख छ। विद्यमान कर्जाको वर्गीकरण तथा कर्जा नोक्सानी व्यवस्था अध्ययन गरी आवश्यकतानुसार पुनरावलोकन गरिने जनाइएको छ।

कृषि तथा लघु, घरेलु, साना र मझौला व्यवसायमा कर्जा सहजीकरण गरी न्यून र मध्यम आय भएका घरपरिवारको जीवनस्तर सुधारमा सहयोग पुऱ्याउने उद्देश्यले केही नयाँ व्यवस्था राष्ट्र बैंकले ल्याएको छ।

बैंक तथा वित्तीय संस्थाले कृषि फसल, कृषियोग्य जमिन र कृषि व्यवसाय संरचनाको धितो आफैंले मूल्यांकन गरी १० लाखसम्म कृषि वा व्यावसायिक कर्जा प्रवाह गर्न सक्ने व्यवस्था गरिने उल्लेख छ। त्यस्तै, हुलाकी राजमार्ग तथा मध्य-पहाडी लोकमार्ग आसपासका क्षेत्रमा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट खाद्य स्वच्छता स्तरीकरण लोगो (संकेत) लिएका होटल तथा रेष्टुरेन्ट र राजमार्गको मुख्य बजार आसपासका उद्योग व्यवसायलाई प्रवर्द्धन गर्न उक्त क्षेत्रका उद्योग व्यवसायीलाई प्रवाह हुने कर्जाका लागि पनि केही नयाँ व्यवस्था ल्याइएका छन्।

त्यस्तै, तीन करोडसम्म प्रवाह भएको कर्जालाई साना तथा मझौला उद्यममा प्रवाह भएको कर्जामा समावेश गरी तोकिएको क्षेत्रमा प्रवाह हुने कर्जामा गणना गर्ने व्यवस्था मिलाइने राष्ट्र बैंकले जनाएको छ। यस्तो कर्जामा आधार दरमा बढीमा दुई प्रतिशत विन्दुसम्म मात्र प्रिमियम थप गरी कर्जा प्रवाह हुने व्यवस्था गरिने मौद्रिक नीतिमा उल्लेख छ।

आगामी आर्थिक वर्षको मौद्रिक नीतिले लिएको व्यवस्थाअनुसार जाजरकोट, रुकुमलगायतका भूकम्प प्रभावित क्षेत्रमा परियोजना रहेका व्यावसायिक कर्जा तथा उक्त क्षेत्रमा बसोबास गरिरहेका व्यक्तिले लिएको कर्जा पुनः तालिकीकरण वा पुनः संरचना गर्न चाहेमा बैंक तथा वित्तीय संस्थाले ऋणीको आवश्यकता र औचित्यका आधारमा ऋणीको नगद प्रवाह तथा आम्दानी विश्लेषण गरी बुझाउनुपर्ने ब्याज रकमको कम्तीमा १० प्रतिशत रकम असुलउपर गरी पुनःतालिकीकरण वा पुनःसंरचना गर्न सक्नेछन्।

ऊर्जा उत्पादनका क्षेत्रमा प्रवाह गरेको कर्जाको ब्याज पुँजीकरण गर्नेसम्बन्धी व्यवस्थामा पुनरावलोकन गरिने जनाइएको छ। बैंक तथा वित्तीय संस्थाबाट शेयर धितोमा प्रवाह हुने 'मार्जिन' प्रकृतिको कर्जाको विद्यमान एकल ग्राहक कर्जा सीमा १५ करोडबाट बढाई २५ करोड बनाइएको छ। चेक अनादरको कारण कालो सूचीमा पर्ने विद्यमान व्यवस्थामा नीतिगत सहजीकरण गरिने पनि मौद्रिक नीतिमा उल्लेख छ।

वाणिज्य बैंकहरूको तरलता जोखिम व्यवस्थापनलाई सुदृढ बनाउन आन्तरिक तरलता पर्याप्तता मूल्यांकन प्रक्रियासम्बन्धी मार्गदर्शन जारी गरिने पनि केन्द्रीय बैंकले जनाएको छ। हायर पर्चेज कर्जा दिने कम्पनीलाई स्वीकृति दिने नीतिगत एवम् प्रकृयागत व्यवस्था, कर्जाको ब्याजदर गणना, सेवा शुल्क लगायतका विषयलाई समेटी उक्त नियमाकीय व्यवस्थामा आवश्यक संशोधन गरिने जनाइएको छ।

नेपाल सरकारले तोकेको पूर्वाधार क्षेत्रमा लगानी गर्ने उद्देश्यले स्थापना भएका निकायले वित्तीय श्रोत जुटाउन जारी गरेका डिबेञ्चरमा बैंक तथा वित्तीय संस्थाले लगानी गर्न सकिने व्यवस्था मिलाइने मौद्रिक नीतिमा उल्लेख छ। विकास बैंक तथा वित्त कम्पनीले विगत लामो समयदेखि वासेल २ र ३ अनुसारका न्यूनतम पुँजी पर्याप्तता अनुपातलगायत विभिन्न नियामकीय मापदण्ड कार्यान्वयनमा रहेको सन्दर्भमा 'ग' वर्गका राष्ट्रियस्तरका वित्त कम्पनीले प्राथमिक पुँजीको १५ गुणासम्म निक्षेप परिचालन गर्न सक्ने सीमा हटाइएको छ।

त्यसैगरी, बैंक तथा वित्तीय संस्थाले गैर बैंकिङ सम्पत्ति सकार गरेको दुई वर्षसम्म उक्त सम्पत्तिबापत सिर्जना भएको रेगुलेटरी रिजर्भको रकमलाई पूरक पुँजीमा गणना गर्न सकिने व्यवस्था ल्याइएको छ। बैंक तथा वित्तीय संस्थाले राष्ट्र बैंकको स्वीकृतिमा आफ्नो पुँजी बढाउन सक्ने व्यवस्था पनि मौद्रिक नीतिमा राखिएको छ।

त्यस्तै, सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्यमार्फत् ल्याएको सहुलियतपूर्ण कर्जासम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयनमा सहजीकरण गरिने जनाइएको छ। बैंक तथा वित्तीय संस्थाको निष्क्रिय कर्जा तथा गैरबैंकिङ सम्पत्ति व्यवस्थापनमा सघाउ पुऱ्याउने उद्देश्यले सम्पत्ति व्यवस्थापन कम्पनी स्थापनाका लागि आवश्यक ऐन र नियमको मस्यौदा तर्जुमा गरी नेपाल सरकारसमक्ष पेस गरिने पनि राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत् जनाएको छ।

त्यस्तै, समस्याग्रस्त हुने अवस्थामा पुगेका बैंक तथा वित्तीय संस्थाको समस्याको पहिचान गरी सुधारात्मक कारबाही गर्ने उद्देश्यले कार्यान्वयनमा ल्याइएको शीघ्र सुधारात्मक कारबाहीसम्बन्धी विनियमावली परिमार्जन गर्ने नीति लिइएको छ। विद्युतीय भुक्तानी प्रणाली सुदृढ हुँदै गएको सन्दर्भमा बैंक तथा वित्तीय संस्थाहरूको विद्यमान शाखा विस्तार नीति पुनरावलोकन गरिने जनाइएको छ।

त्यस्तै, विगतमा फरक आवश्यकता र चुनौती सम्बोधन गर्न स्थापित कतिपय संस्थाको कार्यदायरा पुनरावलोकन गर्न आवश्यक देखिएको र राज्यको प्राथमिकता प्राप्त क्षेत्रमा साधन परिचालन अपेक्षित रुपमा हुन नसकेको सन्दर्भमा बैंक तथा वित्तीय संस्थाहरूको वर्गीकरण र कार्यदायरा पुनरावलोकन गर्न विस्तृत अध्ययन गरिने मौद्रिक नीतिमा उल्लेख छ। बैंक तथा वित्तीय संस्थाले ग्राहकको क्रेडिट स्कोरका आधारमा समेत कर्जा प्रदान गर्ने नीति अवलम्बन गर्ने राष्ट्र बैंकले जनाएको छ।

# 'दुई सय ६० मेगावाट विद्युत राष्ट्रिय प्रसारण प्रणालीबाट विच्छेद'



**काठमाडौं/मस** – ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दिपक खड्काले रसुवामा हालै आएको बाढीका कारण करिब २६० मेगावाट विद्युत राष्ट्रिय प्रसारण प्रणालीबाट विच्छेद भएको बताएका छन्। राष्ट्रियसभाको शुक्रबारको बैठकमा मन्त्री खड्काले 'प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त जलस्रोत विधेयक, २०८१ माथि विचार गरियोस्', भन्ने प्रस्ताव प्रस्तुत गरेका थिए। सभाले उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत गरेको छ।

उक्त प्रस्ताव प्रस्तुत गर्नुअघि मन्त्री खड्काले मंगलबार रसुवामा आएको बाढीले त्रिशूली नदी करिडोरमा सञ्चालनमा रहेका महत्वपूर्ण जलविद्युत आयोजना तथा प्रसारण संरचनामा क्षति पुग्दा करिब २६० मेगावाट विद्युत राष्ट्रिय प्रसारण प्रणालीबाट विच्छेद भएको जानकारी दिए।

उनका अनुसार १११ मेगावाट क्षमता रहेको रसुवागढी जलविद्युत् आयोजना, २२ मेगावाट क्षमताको चिलिमे जलविद्युत आयोजना, २१ मेगावाट क्षमताको त्रिशूली जलविद्युत आयोजना र १४ मेगावाट क्षमताको देवीघाट आयोजना बाढीका कारण अवरुद्ध रहेका छन।

बाढीको मूल कारण वर्षा नभईकन माथिल्लो जलाधार क्षेत्रमा अवस्थित हिमताल विस्फोटबाट बहाब भएको प्रारम्भिक अनुमान गरिएको मन्त्री खड्काले बताए। 'सेन्टिनल एसिया प्लेटमार्फत् यो पुष्टि भएको छ कि रसुवा-तिब्बत क्षेत्रभित्रको लेन्दे खोलामा रहेको एक सुपर ग्लेसियर हिमालयको क्षेत्रमा घटना हुनुअघि शून्य दशमलव ७५ वर्ग किलोमिटरबाट घटेर शून्य दशमलव ६० वर्ग किलोमिटरमा सीमित भएको छ', मन्त्री खड्काले भने।

# काठमाडौं महानगरको बजेट २५ अर्ब बढीको हुने



**काठमाडौं/मस** – काठमाडौं महानगरपालिकाले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि २५ अर्ब ११ करोडको बजेट सीमा निर्धारण गरेको छ। आन्तरिक विवादका कारण कामपाले बजेट ल्याउने समयसीमाभन्दा ढिला बजेट ल्याउन लागेको हो। कामपाका प्रमुख बालेन्द्र साह 'बालेन'को अध्यक्षतामा शुक्रबार बसेको राजस्व परामर्श समितिको बैठकले सो बजेट सीमा निर्धारण गरेको हो।

शुक्रबार बसेको महानगरको ४०औँ कार्यपालिका बैठकले आगामी आइतबार १७ औँ नगरसभा अधिवेशन बस्ने निर्णय गरेको छ। सोही दिन बिहान कार्यपालिका बैठक बस्ने महानगर प्रमुख साहले बताए। महानगरले चालु आर्थिक वर्षका लागि गतवर्ष २४ अर्ब ९० करोड बजेट ल्याएको थियो। आगामी आवका लागि चालु आवको तुलनामा २१ करोड वृद्धि गर्ने गरी सीमा निर्धारण गरेको हो।

राजस्व परामर्श समितिको बैठकमा प्रमुख साहले जनचाहनाअनुरूप विकास गर्ने गरी पूर्वाधार विकासमा बजेट थप गर्न निर्देशन दिएका थिए। चालु आवको तुलनामा आगामी आर्थिक वर्षमा पूर्वाधार विकासमा बजेट थप गर्ने निर्णयसमेत समितिले गरेको छ।

# मौद्रिक नीतिमा अटोमोबाइल क्षेत्रलाई बेवास्ता भयो : नाडा

**काठमाडौं/मस** – नेपाल अटोमोबाइल्स एशोसिएशन (नाडा) ले आर्थिक वर्ष २०८२/८३ का लागि सार्वजनिक गरिएको मौद्रिक नीताले अटोमोबाइल क्षेत्रको माग र सुझावलाई बेवास्ता गरेको बताएको छ। नाडाले शुक्रबार एक प्रेस विज्ञप्ति जारी गर्दै नेपाल राष्ट्र बैंकको मौद्रिक नीति अटोमोबाइल व्यवसायीहरूको न्यूनतम अपेक्षा भन्दा टाढा रहेको जनाएको हो।।

सवारीसाधन आयातसँग सम्बन्धित नीतिहरूमा कुनै सहजीकरण नगरिएको, लक्जरी, हेवी सेग्मेन्ट र उच्च प्रविधिका सवारीसाधनसम्बन्धी नीति जस्ताको तस्तै राखिएको नाडाले विज्ञप्तिमार्फत् जनाएको छ। मौद्रिक नीतिले विद्युतीय सवारीसाधनको प्रयोगलाई प्रवर्द्धन गर्न खोजेको भए पनि, प्रत्यक्ष कर्जा प्रवाहको प्राथमिकता नदिएको र यसलाई ग्रिन फाइनान्सको सन्दर्भमा मात्र उल्लेख जनाएको छ।

नाडाले सवारी ऋण, आयात प्रक्रिया तथा औद्योगिक मान्यतामा उल्लेखनीय सुधार नभएको भन्दै नाडाले मौद्रिक नीतिलाई 'अनुदार' भनेको छ। हायर पर्चेज कर्जा दिने कम्पनीहरूको स्वीकृति, सेवा शुल्क, ब्याजदर गणना लगायतका विषयमा भने केही सकारात्मक संकेत देखिएको नाडाको भनाइ छ। 'रोजगारी सिर्जना, विद्युतीय इकोसिस्टम प्रवर्द्धन र औद्योगिकीकरणमा अटोमोबाइल क्षेत्रको योगदान महत्त्वपूर्ण छ। त्यसैले यस क्षेत्रलाई प्राथमिकतामा राखेर नीतिगत सहजीकरण गर्न आवश्यक छ', विज्ञप्तिमा उल्लेख छ।

# ज्योति विकास बैंकद्वारा स्वास्थ्य चौकीलाई बेबी वार्मर प्रदान




**काठमाडौं/मस** – ज्योति विकास बैंकले स्वास्थ्य चौकीलाई बेबी वार्मर प्रदान गरेको छ। बैंकले काभ्रेको मंगलटार स्वास्थ्य चौकीलाई नवजात शिशुको शारीरिक तापक्रमलाई सन्तुलनमा राख्न र हाइपोथर्मिया (अल्पताप) को जोखिमबाट जोगाउन आवश्यक बेबी वार्मर (न्यानो नानी) मेसिन प्रदान गरेको हो।

सुरक्षित प्रसूति सेवाको पहुँच दुर्गम क्षेत्रमा पनि सुनिश्चित गर्ने उद्देश्यले बैंकले आफ्ना शाखा नहुने स्थानहरूमा समेत यस्ता अत्यावश्यक स्वास्थ्य उपकरणहरू उपलब्ध गराउँदै आएको छ। बेबी वार्मर हस्तान्तरण कार्यक्रममा स्वास्थ्य चौकीका कर्मचारीहरू तथा सम्बन्धित क्षेत्रका विभिन्न व्यक्तिहरूको उपस्थिति थियो। साथै, सोही अवसरमा अस्पतालका डाक्टर, नर्सलगायत सम्बन्धित कर्मचारीहरूलाई विज्ञमार्फत् बेबी वार्मर सञ्चालनसम्बन्धी विशेष तालिम पनि प्रदान गरिएको थियो।

बैंकले संस्थागत सामाजिक उत्तरदायित्व प्रयोजनार्थ स्थापना गरेको 'हाम्रो विकास प्रवर्द्धन कोष' मार्फत् हालसम्म देशभर ६२ वटा बेबी वार्मर मेसिनहरू प्रदान गरेको जनाएको छ।

# डीएस ग्रुपको क्याच मसला अब नेपाली बजारमा

**काठमाडौं/मस** – भारतको प्रमुख एफएमसीजी समूह र मल्टी-बिजनेस कर्पोरेसन धर्मपाल सत्यपाल ग्रुप (डीएस ग्रुप) अन्तर्गतको लोकप्रिय ब्रान्ड क्याच स्पाइसेसले अब नेपालमा पनि आफ्नो मसलाहरू ल्याउने घोषणा गरेको छ।




क्याच स्पाइसेसले नेपाली बजारमा पकवानको वास्तविक स्वाद र सुवासलाई जीवित राख्ने उद्देश्यका साथ स्ट्रेट मसला, विविध मिश्रित मसला, पेस्ट तथा साबुत मसला ल्याएको हो। क्याच स्पाइसेस हाल काठमाडौं उपत्यकामा उपलब्ध भइसकेको छ र चाँडै अन्य क्षेत्रहरूमा पनि विस्तार गरिने जनाइएको छ। यो ब्रान्ड भाटभटेनी जस्ता मोडर्न ट्रेड स्टोरहरू, खुद्रा स्टोरहरू, नेपाली सेनाका क्यान्टिनहरू, सामान्य खुद्रा पसलहरू, होटेल, रेस्टुरेन्ट, क्याफेहरू तथा दराज जस्ता इ-कमर्स प्लेटफर्ममार्फत् उपलब्ध हुनेछ।

**सानिमा बैंक लिमिटेडको क्रेडिट कार्ड कर्जा उपभोग गर्ने ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्ने बारे ३५ दिने सार्वजनिक सूचना**

(प्रकाशित मिति : २०८२/०३/२८ गते)

तपसिलमा उल्लेखित तपाँई ऋणीले यस बैंकबाट लिएको कर्जाको बैंकसँग गरेको सम्झौता बमोजिम बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, किस्ता, हर्जाना ब्याज लगायत अन्य बुझाउनु पर्ने सम्पूर्ण दै दस्तुर आदि रकम नतिरी, नबुझाई बाँकी राखेकाले बैंकबाट बारम्बार मौखिक तथा लिखित तरताकेता गर्दा समेत नबुझाई कर्जा सम्बन्धि शर्त बन्देजहरू उल्लङ्घन गरेको हुँदा सम्पूर्ण बाँकी कर्जा चुक्ता भुक्तान गर्न यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान, फछ्र्यौट गर्न गराउन हुन ऋणी लगायत सबै सम्बद्ध व्यक्तिहरूलाई सूचित गरिन्छ। यस सूचना समेतको वेवास्ता गरी उल्लेखित समयावधि भित्र सम्पूर्ण बाँकी कर्जा लगायत बैंकलाई बुझाउनु पर्ने सम्पूर्ण दै दस्तुर चुक्ता भुक्तान, फछ्र्यौट नगरेमा प्रचलित कानुन तथा बैंकको नियम बमोजिम कर्जा असुलीको आवश्यक कानुनी प्रकृया अगाडि बढाईने ब्यहोरा यसै सूचना मार्फत जानकारी गराउदछौं। साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्नुपर्ने ऋणी तथा अन्य सम्बद्ध सबै पक्षलाई कालो सूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत जानकारी गराउदछौं।

तपसिलः

| |
|---|
| **क्रेडिट कार्ड लिनेको नाम, थर र ठेगाना :** |
| **शाखा कार्यालय बिरौटाको ऋणी :** |
| भिमान सिंह मगरको नातीनी, धन बहादुर मगरको छोरी, झापा जिल्ला, शरणामती गा.वि.स./न.पा. वडा नं. ८ बस्ने **पवित्रा थापा मगर** । |

सानिमा बैंक
www.sanimabank.com
'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

**यूएईमा रोजगार** कम्पनी : EMPOWER EMPLOYMENT SERVICES L.L.C. शहर : UAE
पूर्व स्वीकृत मितिः २०८०/१०/०७ चलानी नं.: ६०२१३५५६ LT. No.:298487 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labourer/Construction Worker | 27 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३३,४९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Reinforcing fitter assistant (Construction worker) | 50 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,६६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन ३ गते (19 July 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Om International Human Resources Pvt. Ltd.
Lic No.: 1437/074/075, Basundhara, Kathmandu, Nepal, Tel : 01-4963646, 4980145

**यूएईमा रोजगार** कम्पनीः SONAR STAR TECHNICAL AND CLEANING SERVICES LLC शहरः UAE,DUBAI
पुर्व स्वीकृत मितिः २०८१/१२/२९ चलानी नं.: ६०२३६०१४ L.T. No.: 321900 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 7 | 0 | स. काममा दक्ष | 1000 | ३७,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन ३ गते (19 July 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Nepal Life Recruitment Agency Pvt. Ltd.
Govt. Lic. No. 1476/074/075
Gaushala, Kathmandu, Nepal, Tel:4598920, E-mail: nepallifera1476.2017@gmail.com

**साउदीमा रोजगार** कम्पनीः SAUDI UNIVERSAL PETROCHEMICAL INDUSTRIAL CHEMICALS COMPANY शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८२/०३/२७ चलानी नं.: ६०२४०५१७ LT. No.:326937

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor Loading | 1 | 0 | स. काममा दक्ष | 1000 | ३६,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन ३ गते (19 July 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

KANTIPUR OVERSEAS SERVICE PVT. LTD.
Samakhushi, Kathmandu. Tel No: 4960615/4961916
E-mail: kantipurovs@gmail.com/website: www.kantipuroverseas.com

मध्यान्ह
www.madhyanhadaily.com
गो.हु.का.द.नं. ३३/०६९/०७०
२८ असार २०८२ शनिबार
12 July 2025, Saturday

# चौथो मौलिक गण्डकी स्टार राष्ट्रिय अवार्ड कार्यक्रम सम्पन्न



**काठमाडौं/मस–** 'अग्रजलाई सम्मान, अनुजलाई प्रोत्साहन, नव प्रतिभाको पहिचान, हाम्रो अभियान' भन्ने मूल नाराका साथ 'चौथो मौलिक गण्डकी स्टार राष्ट्रिय अवार्ड, श्रष्टा सम्मान तथा सांस्कृतिक कार्यक्रम २०८२' सम्पन्न भएको छ ।

उपमा सञ्चार प्रा.लि. र तेज नेपाल मल्टिमिडिया प्रा.लि.को संयुक्त आयोजनामा सम्पन्न भएको कार्यक्रममा भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहालको प्रमुख आतिथ्यता, चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसीको विशिष्ट आतिथ्यता, उपमा सञ्चार प्रा.लि.की अध्यक्ष आशा गौतमको अध्यक्षता, तेजनेपाल मल्टिमिडियाका अध्यक्ष सुमनकुमार श्रेष्ठको विशेष आतिथ्यतामा सम्पन्न कार्यक्रममा विशिष्ट कलाकार सविन बास्तोला, वरिष्ठ पत्रकार कृष्ण भट्टराई, वरिष्ठ गायक तथा संगीतकार थानेश्वर गौतम, वरिष्ठ लोक गायक तथा संगीतकार राजन भुजेल विश्वकर्मालाई श्रष्टा सम्मानद्वारा सम्मानित गरिएको थियो ।

त्यसैगरी दशक सम्मानबाट गायिका माण्डवी त्रिपाठी, लोक गायक कुलेन्द्र विश्वकर्मा, लोक गायिका देवी हमाल, सिनेम्याटोग्राफर नीरज कँडेल, गायक विनोद ढकाल, कलाकार पन्हा अधिकारी, गायिका कविता राउत, गायक चेतम गोतामे, गायिका शोभा पाण्डे, गायिका सरला राउत, गायिका मनु थापा मगर, सञ्चारकर्मी रिदेन महर्जन, सञ्चारकर्मी निर्मल पौडेल, बिक्रम सुनार, ग्राफिक्स डिजाइनर र सम्पादक रमेशमान श्रेष्ठलाई सम्मान गरिएको थियो। कार्यक्रम उपमा सञ्चारका उपाध्यक्ष रामकृष्ण पाण्डे अमन एकलको स्वागत मन्तव्यबाट सुरु भएको थियो ।

अवार्ड विजेताहरुमा सिताराम परियार, छवि घिमिरे, होमनाथ कुंवर, बिनय कार्की, सारु मगर, अस्मिता गोर्खाली, श्याम राना, शितल शर्मा, पुजा परियार, नारायण राई, सबिता कार्की, अस्मिता खनाल, रिजन बस्याल, अप्सरा राउत क्षेत्री, रमेश लामिछाने, युमिसा पुरी, थुमन शर्मा, भुवन के. पोखेल, देव नारायण मगर, सबिता परियार, कल्पित मिनु, सोब्राटी मन्सुरी, विवेक धिताल, पार्वती रोकाया, चन्द्रकला देवकोटा, बिनय खत्री, कृष्ण ढकाल, सफल अर्याल, सुवास रेग्मी, करन कँडेल, राजु तिमल्सिना, प्रिती पुन मगर, बिना ठकुरी, नरेश के.सि., समिर तिमल्सिना, शोभा त्रिपाठी, बिमल नेपाली, रजनी लामा, आरोही कार्की, कमला गैरे, मनिषा बुढा, दशरथ डंगोल, संजय थिङ, भिमसेन सापकोटा, कबिता पुन मगर, कबिता खत्री, तुलसा सुनुवार, सुवास गडाल र इन्द्र बस्याल रहेका छन् ।

कार्यक्रमलाई समापन गर्दै उपमा सञ्चारकी अध्यक्ष तथा सभाध्यक्ष आशा गौतमले कार्यक्रममा श्रष्टा, सर्जकहरुलाई सम्मान गर्न पाउँदा निकै खुशी लागेको भन्दै सम्पूर्णमा कृतज्ञता व्यक्त गरेकी थिइन् । कार्यक्रमलाई पिएन सापकोटाले सहजीकरण गरेका थिए ।

# 'एक्का तीन'मा पूजा एक्सन अवतारमा



**काठमाडौं/मस–** निर्देशक रुपेश तामाङले नयाँ एक्सन फिल्म 'एक्का तीन'को घोषणा गरेका छन् । अभिनेत्री पूजा शर्मालाई मुख्य भूमिकामा लिएर निर्माण गर्न लागिएको यो फिल्मको थिम पोस्टर शुक्रबार सार्वजनिक गरिएको हो ।

पोस्टरमा देखिएका दृश्यहरूले फिल्म एक्सन र सस्पेन्सको भरपूर मिश्रणमा तयार हुन लागेको संकेत गर्छ । आर्टिफिसियल इन्टेलिजेन्स (एआई) प्रविधिबाट तयार गरिएको पोस्टरमा दुई पुरुष र एक महिला पात्र देखिन्छन्, जसको अनुहार भने खुलाइएको छैन। पृष्ठभूमिमा ठूलो विष्फोट, आकाशमा उडिरहेको हेलिकप्टर, र गम्भीर मूडले भरिएको दृश्यले 'एक्का तीन' बदलाको कथामा आधारित हुनसक्ने आकलन गर्न सकिन्छ । निर्देशक तामाङले पूजालाई दुई महिनाअघि उनको जन्मदिनमा फिल्मका लागि अनुबन्ध गरिसकेका थिए । पोस्टरअनुसार तीन पात्र फिल्मका मुख्य भूमिकामा देखिनेछन् र पूजा 'दान्भी'मा झैं एक्सन अवतारमै प्रस्तुत हुने सम्भावना छ ।

सुमन गजमेरको लेखन रहने फिल्म 'एक्का तीन'लाई सन् २०२६ मा रिलिज गर्ने लक्ष्य लिएको निर्माण टिमले जनाएको छ। फिल्म 'एक्का तीन- च्याप्टर १' शीर्षकमा सार्वजनिक गरिएको हुनाले यसको दोस्रो श्रृंखला पनि बन्ने संकेत गरिएको छ । जुना फिल्म्सको ब्यानरमा निर्माण हुने फिल्मको छायांकन आगामी तिहारपछि सुरु हुने तयारीमा छ भने हाल प्रि-प्रोडक्सनको काम तीव्र गतिमा अगाडि बढिरहेको निर्देशक रुपेशले जानकारी दिएका छन् । उनका अनुसार यसपटक फिल्ममा कथा, एक्सन र सस्पेन्सलाई विशेष जोड दिइनेछ ।

# अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा जमेका चलचित्र घरेलु बजारमा कमजोर



**काठमाडौं/मस–** पछिल्लो समय नेपाली चलचित्रले अन्तरराष्ट्रिय चलचित्र महोत्सवमा आफ्नो उपस्थिति बलियो बनाएका छन् । गत वर्ष सन् २०२४ मा बर्लिन चलचित्र महोत्सवको अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा छनोट भएपछि नेपाली चलचित्र 'शाम्बाला' को राम्रै चर्चा भयो । यद्यपि गएको वर्ष विसं २०८१ को नेपालमा प्रदर्शन भएका चलचित्रको 'बक्सअफिस' तथ्यांक हेर्ने भो व्यापार राम्रो गर्न सकेको छैन ।

यही असार १६ मा चलचित्र विकास बोर्डले पछिल्लो २५ वर्षमा सर्वाधिक कमाइ गर्ने २५ चलचित्रको नामावली सार्वजनिक गऱ्यो । जहाँ कलात्मक रुपमा निर्माण गरिएका र अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा नेपाललाई प्रतिनिधित्व गर्ने कुनै चलचित्र परेनन् । अर्थात् घरेलु बजारमा चलचित्र महोत्सवमा पुग्ने चलचित्र सफल हुन सकेका छैनन् ।

नेपाली दर्शकले घरेलु बजारमा ती चलचित्रलाई किन साथ दिइरहेका छैनन् भन्ने जिज्ञासामा चलचित्र निर्देशक सुवर्ण थापाले दर्शकमा स्थापित भएको भाष्य कारक मानेका छन् । 'अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा पुग्ने चलचित्र बुझ्न कठिन हुन्छ, यो हाम्रो लागिभन्दा पनि विदेशीका लागि बनाइएको हो भन्ने भाष्य दर्शकमा स्थापित हुनु गलत हो । चलचित्र सबैका लागि निर्माण गर्छौं, विदेशी चलचित्र बुझ्ने दर्शकले स्वदेशी चलचित्र नबुझ्ने त हुँदैन होला । हाम्रो निर्माण शैली नियमितभन्दा फरक हुनसक्छ तर हामीले सबै दर्शकका लागि बनाएका हुन्छौं,' निर्देशक थापाले भने ।

उनले चलचित्र विकास बोर्डले घरेलु बजारमा व्यापार गर्ने चलचित्रसँगै अन्तरराष्ट्रिय महोत्सवमा नेपाललाई प्रतिनिधित्व गर्ने, नेपाली परिवेशलाई प्रस्तुत गर्ने र नेपाली कला, संस्कृतिको प्रवर्द्धन गरिरहेका कलात्मक चलचित्रलाई पनि प्रोत्साहन गर्नुपर्ने विचार राखे ।

निर्देशक थापाले भने, 'घरेलु बजारमा व्यापार गरेका कुनै चलचित्रले अन्तरराष्ट्रिय महोत्सवमा पुगेर नेपाललाई प्रतिनिधित्व गरेनन् । हामीले देशको परिवेश र संस्कृतिलाई लिएर विदेशी चलचित्रकर्मीसम्म पुऱ्याएका छौं । अहिले कलात्मक रुपमा अन्य धेरै देशका भन्दा नेपाली चलचित्र अब्बल बन्ने गरेका छन् । यसलाई राज्य र घरेलु दर्शकबाट प्रोत्साहन चाहिएको छ ।' उनले निर्देशन गरेको 'सुनगाभा', 'राधा' अन्तरराष्ट्रिय चलचित्र महोत्सवमा पुगेका थिए ।

निर्देशक तथा समीक्षक दीपेन्द्र लामाले चलचित्रको व्यापार र कलात्मक पक्ष भिन्न रहेको बताए । चलचित्रको समीक्षा र व्यापारलाई तुलना गर्न नहुने उनको धारणा छ । उनले भने, 'नेपालमा मात्र नभई छिमेकी मुलक भारत र हलिउडकै कलात्मक वा महोत्सवमा अब्बल साबित भएका चलचित्रहरू बक्सअफिसमा कम्जोर देखिएका छन् । हाम्रोभन्दा बजार ठूला भएकाले उनीहरुको व्यापार बढी भएजस्तो लागेको हो तर सर्वाधिक कमाउने चलचित्रको सूचीमा ती चलचित्र हुँदैनन् । यस्तै, राम्रा चलचित्रको सूचीमा बक्सअफिसमा सफल चलचित्र पर्दैनन् । तर, ती कलात्मक वा महोत्सव केन्द्रित देखिएका चलचित्रलाई राज्यले प्रोत्साहन गर्नुपर्छ र बिस्तारै ती घरेलु बजारमा पनि अब्बल साबित हुन्छन् ।'

उनले घरेलु बजारमा महोत्सवमा अब्बल भनिएका चलचित्रको व्यापार कमजोर हुनुलाई दर्शकको स्वाद मेल नखाएको बताएका छन् । आफैं चलचित्र समीक्षक हुँदा कलात्मक चलचित्रको प्रवर्द्धनमा जुटेका लामाले चलचित्र निर्देशक भएपछि त्यस्ता कलात्मक चलचित्र निर्देशन गर्नसकेका छैनन् ।

'महोत्सवमा पुगेका चलचित्र र नेपाली दर्शकको स्वाद एकापसमा नमिलेको हुनसक्छ । यो स्वाभाविक पनि हो, किनकि हामीले विश्व चलचित्रसँग प्रतिस्पर्धा गर्ने काम गरिरहँदा त्यो सबैका लागि उपयुक्त नहुन पनि सक्छ । तर, त्यस्ता चलचित्रको निर्माण निरन्तर हुनुपर्छ अनि मात्र हामीले घरेलु दर्शकको सङ्ख्या बढाउन सक्छौं,' निर्देशक लामाले भने ।

अभिनेत्री केकी अधिकारीले नेपाली चलचित्रले अन्तरराष्ट्रिय महोत्सवमा पुग्दा आफूलाई खुसी लाग्ने बताइन् । 'म ती चलचित्रको दर्शक हुँ, म कुर्ने गर्छु । तर, म जस्ता दर्शक कम भएका हुन् कि जस्तो लाग्छ । कहिलेकाहीँ ती चलचित्रको चर्चा हुँदा ती चलचित्र भवनमा हुँदैनन् । यस्ता विभिन्न तथ्यले गर्दा महोत्सवमा अब्बल भनिएका चलचित्र घरेलु बजारमा कमजोर भएका छन्,' उनले भनिन ।

अभिनेत्री अधिकारीले भनिन्, 'म चलचित्रमा निर्मात्रासँगै अभिनेत्री पनि थिएँ । हामीले उठान गरेका विषय अन्तरराष्ट्रिय महोत्सवमा पुग्नुपर्छ भन्ने लागेको थियो । तर, निर्माताका रुपमा मैले चलचित्र प्रदर्शन हुनु नै सफलता हो भन्ने ठाउँमा पुगे, संघर्ष धेरै भए । हामीले चाहेका चलचित्र महोत्सवमा पठाउन नमिल्ने रहेछ, अन्यमा पठाउन मसहित चलचित्र निर्माण समूहको निर्णय भएन ।'

उनको चलचित्र अन्तर्राष्ट्रिय चलचित्र महोत्सव नपुगे तापनि घरेलु बजारमा राम्रो व्यापार गर्न सफल भयो । उक्त चलचित्रले रु १० करोड व्यापार गरेको तथ्यांक चलचित्र विकास बोर्डमा छ ।

घरेलु बजारमा सर्वाधिक कमाई गर्ने चलचित्र 'पूर्णबहादुरको सारङ्गी' का निर्माता विनोद पौडेलले घरेलु बजार र अन्तरराष्ट्रिय महोत्सवमा पुग्ने दुवै किसिमका चलचित्र चाहिने बताए । 'हामीले कलात्मक भन्ने आर्टहाउस फिल्म र व्यासायिक भन्ने दुवै किसिमका चलचित्र बनाउनुपर्छ । किनकि घरेलु बजारसँगै अन्तरराष्ट्रिय उपस्थिति महत्वपूर्ण छ । अहिले राज्यको प्रोत्साहन दुवैलाई चाहिएको छ,' निर्माता पौडेलले भने ।

आफ्नो पहिलो चलचित्र 'पूर्णबहादुरको सारङ्गी' प्रदर्शनका क्रममा गर्नुपरेको संघर्षलाई स्मरण गर्दै उनले चलचित्र भवन सञ्चालकले नेपाली चलचित्रलाई दायित्वका रुपमा पनि बुझ्नुपर्ने बताए । 'म अस्ट्रेलियामा चलचित्र वितरण गर्थे । त्यहाँ एक हप्ताको 'शो' निकालिएपछि घटाइने वा हटाइने हुँदैन, यसले स्थिर बनाउनाका साथै दर्शकले आफ्नो समयअनुसार चलचित्र हेर्ने सोच बनाउँछन् । तर, यहाँ शो कतिबेला हट्छ भन्ने थाहै हुँदैन, त्यसैले यसमा स्थिरता भएमा घरेलु बजारमा हामीले चर्चा गरिरहेको दुवै चलचित्रलाई लाभ हुन्छ भन्ने मलाई लाग्छ,' निर्माता पौडेलले भने ।

चलचित्र महोत्सवलाई लक्षित गर्दै निर्माण गरिएका चलचित्रमा 'गाउँ आएको बाटो' ले घरेलु बजारमा रु चार करोडको व्यापार गरेको थियो । 'आर्टहाउस फिल्म' भनिएको ती चलचित्रको सूचीमा 'गाउँ आएको बाटो' नै अहिलेसम्म सर्वाधिक कमाउने चलचित्र बनेको छ ।



# दुर्गेशको 'जाने भए जाम माया' युट्युबमा सर्वाधिक हेरिएको गीत

**काठमाडौं/मस–** ६ महिना नबित्दै युट्युबमा दश करोड पटक हेरिएको गीत 'दुश्मन हेरेको हेरै'बाट चर्चामा आएका गायक दुर्गेश थापाको नयाँ गीत 'जाने भए जाम माया'ले युट्युबमा रेकर्ड कायम गरेको छ । उक्त गीत युट्युबमा सार्वजनिक भएको २४ घण्टाभित्र सर्वाधिक हेरिएको नेपाली गीत बन्न सफल भएको हो ।

बुधबार बेलुका सार्वजनिक उक्त गीतलाई शुक्रबार दिउँसोसम्म ३० लाखभन्दा बढी पटक हेरिएको छ । गायक थापा र सिसन बानियाँको स्वर रहेको यस गीत अहिले युट्युब 'ट्रेन्डिङ'को शीर्ष स्थानमा छ । म्युजिक भिडियोमा गायक थापा, बानियाँ, गुराँस नानी र पेम्बा लामाको अभिनय देख्न सकिन्छ ।

गत पुसमा सार्वजनिक गायक थापाको गीत 'दुश्मन हेरेको हेरै'लाई पनि हालसम्म युट्युबमा १० करोड ७३ लाखभन्दा बढीपटक हेरिएको छ । यही असार पहिलो साता उक्त गीतको 'भ्यूज' १० करोड नाघ्दा प्रधानमन्त्री केपी शर्मा ओलीलेसमेत गायक तथा सर्जक थापालाई सामाजिक सञ्जाल फेसबुकमार्फत बधाई दिएका थिए ।

युट्युब ट्रेन्डिङको पहिलो स्थान हुँदै ग्लोबल ट्रेन्डिङमासमेत परिसकेको उक्त गीतको सफलताले भावुक हुनुका साथै खुसी भएको गायक थापाले बताए । 'भगवानरूपी दर्शक/स्रोताले दिनुभएको यो सम्मान केवल भ्यूजको सङ्ख्या होइन, यो सपना पूरा भएको क्षण हो,' उनले भने ।

उक्त गीतको सफलतापछि आफ्नो सांगीतिक यात्राले नयाँ मोड लिएको गायक थापाको भनाइ छ । पछिल्लो गीत 'जाने भए जाम माया'ले पाएको चर्चा र सफलताको श्रेय पनि दर्शक/स्रोतालाई जाने बताउँदै उनले आगामी दिनमा यस्ता रचनात्मक क्रियाकलापलाई निरन्तरता दिने उल्लेख गरे ।

एकपछि अर्को सफल गीत सिर्जना गर्दै आएका गायक थापाको पछिल्लो समय देशविदेशका सांगीतिक कार्यक्रम र मेला-महोत्सवमा माग बढ्दो छ । 'दुश्मन हेरैको हेरै गीतको सफलताले मलाई पनि थप उचाइ दियो, यसबाट नयाँ ऊर्जा पाएको महसुस भइरहेको छ,' थापाले भने, 'कतिपय ठाउँका कार्यक्रममा माग आए पनि व्यस्तताका कारण समय दिन सकिरहेको छैन, अहिले नयाँ गीत रेकर्डिङमा लागिरहेको छु ।' उनका अनुसार देशविदेशका मेला-महोत्सवसँगै युट्युबबाट पनि कमाइ भइरहेको छ ।

'दुर्गेश थापा' युट्युब च्यानलमा सस्क्राइबरको संख्या १० लाख बढी पुगेको छ । 'दुश्मन हेरेको हेरै'मा थापासहित गायक आनन्द कार्की, गायिका समीक्षा अधिकारी र एलिना चौहानको स्वर छ । थापाले आफ्नै शब्द र संगीतमा उक्त गीत तयार पारेका हुन् । गीतको संगीत संयोजन पनि उनले गरेका हुन् ।

गीतको भिडियोमा उनीसहित कलाकार प्रियंका कार्की, कविता नेपाली, पेमा लामालगायतको अभिनय छ । सयौं गीतमा स्वर र म्युजिक भिडियोमा अभिनय गरेका थापाका 'हामी पनि नाच्नु पर्छ बीचबीचमा' लगायत गीत चर्चित छन् । उनले पछिल्लो समय चलचित्रका गीतमा पनि स्वर तथा संगीत दिएका छन् ।

थापाले आधुनिक, लोकदोहोरी, पपलगायत गीतका म्युजिक भिडियोमा अभिनय गरेका छन् । 'डाँडै बिसौनी', 'जूनले मात्र देख्छ', 'हाँस्न सिकायौं' लगायत उनीद्वारा अभिनित चर्चित लोकदाहोरी गीत हुन् । पहिलोपटक दीपक/दीपाको चलचित्र 'छ माया छपक्कै'मा प्रोमोशनल गीत गाएका थापाले गत कात्तिकमा प्रदर्शन भएको चलचित्र 'ह्रस्वदीर्घ'मा गाएको 'उठेर नाचिस्यो' गीत पनि चर्चित बनेको थियो ।

'रङ्गी' चलचित्रको 'छ भने माया हाइ भन' गीतको संगीत र शब्द पनि थापाले रचना गरेका हुन् । उक्त गीतमा गायक आनन्द कार्की र गायिका सुरक्षा केसीले स्वर दिएका छन् । थापा गायकभन्दा बढी स्टेज 'परर्फमर'का रूपमा आफूलाई चिनाउन चाहन्छन् । 'करिअर'को सुरुवातीकालमा रेष्टुराँ र बारमा नृत्यकारका रूपमा काम गरेका उनी अहिले अभिनय र संगीतमा पोख्त भएका छन् । गायक थापा आगामी महिना अष्ट्रेलियाको सांगीतिक यात्रामा सहभागी हुन त्यसतर्फ जाँदै छन् ।

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः कमलपोखरी, काठमाडौं, फोनः ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेलः **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**